वर्ष : १४, अंक : १८, काठमाडौं, २०७५ भाद्र १ गते शुक्रबार 17 August 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## भारतले स्वतन्त्रता दिवस मनायो



भारतको ७२औं स्वतन्त्र दिवसको अवसरमा काठमाडौंस्थित भारतीय दूतावासमा आयोजित समारोहमा झण्डोतोलन गर्दै राजदूत मंजीवसिंह पुरी । समाचार पृष्ठ ७ मा

# 'कम्युनिज्म' भित्र 'मधेशवाद' खोज्दै त्रिपाठी

## गच्छदारको जस्तै हविगत हुने हो कि ?

काठमाडौं । हृदयेश त्रिपाठी मधेशका प्रखर नेता हुन् । सद्भावना पार्टीबाट मधेशको राजनीति सुरू गरेका उनी तत्कालीन तराई-मधेश लोकतान्त्रिक पार्टी र हालको राजपा नेपाल हुँदै अहिले नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गर्ने अन्तिम तयारीमा छन् । गत वर्ष भएको निर्वाचनमा आफैले गोडमेल गरेर बनाएको राजपालाई परित्याग गरी स्वतन्त्र राजनीतिक समूह बनाई तत्कालीन एमालेको चुनाव चिन्ह सूर्य छापबाट चुनाव लडेका उनी नवलपरासी पश्चिम क्षेत्र नं. १ बाट विजयी भएका हुन् । स्वतन्त्र राजनीतिक समूहबाट त्रिपाठीसहित ब्रजेशकुमार गुप्ता संघीय संसदमा निर्वाचित सांसद हुन् । गुप्ता कपिलवस्तु-२ बाट निर्वाचित भएका हुन् ।

कम्युनिष्ट स्कूलिङबाट राजनीतिमा उदाएका त्रिपाठीले सूर्य छाप रोज्नु नै उनको कम्युनिष्ट पार्टी तिरको झुकाव बढेको त्यति बेलै आंकलन गरिएको थियो । र त्यसपछि उनी तत्कालीन एमाले र नेकपा माओवादी केन्द्रका नेताहरूको सम्पर्कमा रहिरहे । उक्त दुवै पार्टी विलय भएर नेपाल कम्युनिष्ट पार्टी बनेपछि त्रिपाठीलाई पार्टी प्रवेश गर्न सजिलो भएको छ । त्रिपाठीले यसअघि पनि प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष केपी ओली र पुष्पकमल दाहाल प्रचण्डसँग पार्टी एकीकरणमा केन्द्रित रहेर छलफल गरेका थिए ।

नेकपाको विधानले एकीकरण हुने अन्य समूह या पार्टीका नेतालाई केन्द्रीय तहमा जिम्मेवारी दिन सक्ने बाटो खुला गरेको छ । त्यसअनुसार नै अहिले आएर त्रिपाठी समूहलाई ल्याउन नेकपालाई सजिलो भएको छ ।

**१६ असोजको सहमति**

तत्कालीन एमाले र त्रिपाठी नेतृत्वको स्वतन्त्र राजनीतिक समूहबीच गत १६ असोजमा दुईबुँदे सहमति भएको थियो । सहमतिमा भनिएको छ, 'स्वतन्त्र राजनीतिक समूहका नेता तथा कार्यकर्ता आगामी प्रतिनिधिसभा, प्रदेश सभा तथा राष्ट्रिय सभाको निर्वाचनमा सूर्य चिह्न लिएर सहभागी हुनेछन् । स्वतन्त्र राजनीतिक समूह स्वतन्त्र पहिचानका साथ क्रियाशील रहनेछ ।' दोस्रो बुँदा थियो-'तराई मधेशसमेतका जनतालाई शोषण, उत्पीडन, विभेद र असमानताबाट मुक्त गरेर न्याय, समानता र समृद्धि सुनिश्चित गर्नु हाम्रो साझा



स्वतन्त्र राजनीतिक समूहका संयोजक हृदयेश त्रिपाठी

जिम्मेवारी हो । हामीहरू संविधान कार्यान्वयनका क्रममा देश र जनताको आवश्यकताअनुसार परिमार्जन र विकास गर्दै जान, तराई मधेशका साथै समग्र राष्ट्रमा आर्थिक विकास र सामाजिक न्याय सुनिश्चित गर्न र सम्पूर्ण नेपालीको सुखी र समृद्ध जीवनका लागि सहकार्य गर्न सहमत भएका छौं ।'

सहमतिपत्रमा तत्कालीन एमाले महासचिव ईश्वर पोखरेल तथा समूहका तर्फबाट त्रिपाठीसहित पाँचजनाले हस्ताक्षर गरेका थिए ।

औपचारिक रूपमा नेकपा संसदीय दलको सांसद रहेको स्वतन्त्र समूहसँग ४ सांसद र ८ केन्द्रीय तहका नेता छन् । त्रिपाठी परासी-२ र गुप्ता कपिलवस्तु-२ बाट निर्वाचित सांसद हुन् । स्वतन्त्र समूहसँग प्रदेश ५ मा दुई सांसद छन् ।

त्रिपाठी तत्कालीन राजपाका सहअध्यक्ष तथा गुप्ता महामन्त्री थिए । उनीहरूबाहेक सहमहामन्त्री पशुपतिदयाल मिश्र र अन्य पाँच केन्द्रीय सदस्य स्वतन्त्र राजनीतिक समूहमा सामेल भएका थिए । तत्कालीन एमालेले समूहलाई ४ सिट दिएकोमा ईश्वरदयाल मिश्र र पशुपतिदयाल मिश्र पराजित भएका थिए । त्रिपाठी समूह साउन ३१ गते बिहीबार नै नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गर्ने अन्तिम तयारी भएको थियो । यसका लागि नेकपाका अध्यक्षद्वय ओली र प्रचण्डसँग सकारात्मक वार्ता पनि भएको थियो । तर वार्तामा ठोस सहमति जुटिनसक्केकाले सो समूहको पार्टी प्रवेश गर्ने कार्यक्रम तत्काललाई रोकिएको छ तर अनिश्चित भने छैन । समूहका नेता गुप्ताले भने, 'नेकपाका नेताहरूसँग पटक-पटक वार्ता र छलफल भए पनि हालसम्म कुनै औपचारिकता लिएको छैन ।'

गुप्ताले मधेशवाणीसँग कुराकानी गर्दै भने, 'अहिलेसम्म हामी प्रवेश गरिसकेका छैनौं । नेकपाको चुनाव चिन्ह लिएर निर्वाचित भइसकेपछि सोही पार्टीमा प्रवेश गर्नका लागि वार्ता भइरहेको छ ।' उनले पार्टी प्रवेश गर्नुभन्दा पहिला विभिन्न कुराहरूमा सहमति हुनुपर्ने बताए ।

त्रिपाठीले एकीकरण गर्नका लागि मधेशको विषयमा नेकपाको स्पष्ट धारणा खोजेका छन् । विगतमा तत्कालीन एमालेप्रति मधेशको राम्रो सम्बन्ध नरहेको र अहिले पनि मधेशमा नेकपाप्रति जनता विश्वस्त हुन नसकेकोले त्यसबारे स्पष्ट धारणा आउनु पर्ने उनको बटमलाइन हो । त्रिपाठी समूहले मधेशको बारे आफूहरूले उठाएका सवालमा नेकपाका नेताहरू सकारात्मक देखिए पनि स्पष्ट धारणा भने आउन बाँकी रहेको बताएका छन् ।

यद्यपी समूहका नेताहरूले पार्टी प्रवेशमा समस्या नरहेको तर पहिला मूलभूत सैद्धान्तिक पक्षका विषयमा नेकपा स्पष्ट हुनुपर्ने धारणा व्यक्त गर्छन् । संविधान संशोधन, मधेशका मुद्दा र मधेशका समस्या जस्ता विषयमा त्रिपाठी समूहले नेकपाको प्रष्ट धारणा खोजेपछि अहिलेलाई पार्टी प्रवेश रोकिएको छ ।

त्रिपाठीले 'संविधान संशोधन राष्ट्रिय समस्या हो, यो मधेशको मात्र समस्या होइन' भन्दै आएका छन् । यस्तै समावेशी, समानुपातिक, नागरिकताको विषय, संघीय संरचनाको विषयलगायतलाई पनि उनले बटमलाइन बनाएका छन् । गुप्ताले भने, 'मधेशलाई हेर्ने दृष्टिकोण के हो ? त्यसका बारेमा स्पष्ट हुन भनेका छौं ।'

**गच्छदार जस्तो नहोस्**

कुनै बेला मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) र नेपाल लोकतान्त्रिक फोरम बनाएका विजय कुमार गच्छदार २०७४ असोज २९ गते सिंगो पार्टीसहित नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । तर काँग्रेसभित्र उनको हैसियत साधारण सदस्य जस्तो पनि छैन । २०६४ सालअघि नेपाली कांग्रेसमा नै रहेका गच्छदार आफ्नै पुरानो घर फर्किंदा जति उत्साहित र खुशी थिए अहिले त्यति नै निराश छन् । सिंगो पार्टीलाई काँग्रेसमा विलय गराउँदा उनले उपसभापति पाउने आश्वासन पाएका थिए तर पार्टी प्रवेश गरेको १० महिना हुन लाग्दा उनी साधारण सदस्यमै चित्त बुझाएका छन् ।

अहिले त्रिपाठी र उनको समूहलाई पनि केन्द्रीय सदस्यको आश्वासन दिइएको छ । तर नेकपाले उनीहरूलाई पार्टीमा ल्याइसकेपछि के गर्ला भन्न सकिन्न । त्यसैले गच्छदारको जस्तै हविगत त्रिपाठीको पनि नहोस् ।

## भारतका पूर्वप्रधानमन्त्री बाजपेयीको निधन



काठमाडौं । भारतका पूर्वप्रधानमन्त्री अटल बिहारी बाजपेयीको ९४ बर्षको उमेरमा निधन भएको छ । निष्ठावान राजनीतिज्ञको परिचय बनाएका बाजपेयीलाई मिर्गौला, छाती र पिसाबसम्बन्धी समस्या देखिएपछि गत ११ जुनमा नयाँदिल्लीस्थित एम्स अस्पतालमा भर्ना गरिएको थियो । सन् २००९ मा 'हर्ट अट्याक' भएपछि स्वास्थ्यकै कारण बाजपेयी सक्रिय राजनीति र सार्वजनिक कार्यक्रमहरूबाट टाढा रहँदै आएका थिए । भारतको इतिहासमै प्रधानमन्त्रीको पाँच वर्षे कार्यकाल पूरा गर्ने उनी एकमात्र गैरकांग्रेसी नेता हुन् । उनले सन् १९९९ देखि २००४ सम्मको कार्यकाल सफलतापूर्वक सम्पन्न गरेका थिए । दुई पटक भारतको प्रधानमन्त्री बन्न सफल बाजपेयी भद्र र शालीन राजनीतिज्ञका रूपमा चिनिन्छन् । बाजपेयीले सन् १९७७ मा परराष्ट्रमन्त्रीका रूपमा र दोस्रो पटक सन् २००२ मा ११ औं सार्क सम्मेलनका अवसरमा प्रधानमन्त्रीका रूपमा नेपालको औपचारिक भ्रमण गरेका थिए । सन् १९२४ मा मध्यप्रदेशको ग्वालियरमा जन्मेका बाजपेयीको राजनीतिक जीवन सन् १९४२ मा तत्कालीन इष्ट इण्डिया कम्पनीविरूद्धको भारत छोडो आन्दोलनबाट सुरू भएको थियो ।

## झालाई 'सियान फ्रेण्डसिप अवार्ड'



काठमाडौं । सियानमा रहेर चीनको आर्थिक, सामाजिक र अन्तर्राष्ट्रिय सम्बन्ध विकासमा विशेष योगदान पुऱ्याएको भन्दै प्राध्यापक डा. राजीवकुमार झालाई चीनको सियान सरकारले सन् २०१८ का लागि 'सियान फ्रेण्डसिप अवार्ड' पुरस्कार प्रदान गरेको छ । उक्त पुरस्कारका साथ 'सियान एक्सलेन्ट फरेन एक्सपर्ट अवार्ड' प्रा.डा.झासहित विभिन्न ९ देशका १० जना विशिष्ट व्यक्तित्वलाई प्रदान गरिएको हो । उक्त पुरस्कार प्राप्त गर्नेमा नेपालका झासहित जर्मनी, मलेसिया, क्यानाडा, ब्राजिल, अमेरिका, जापान, यमन र क्रोएसियाका १० प्रतिभाशाली व्यक्तित्व रहेका छन् । जापानबाट दुई जना विशेषज्ञ परेका छन् । उक्त पुरस्कार ५० हजार आरएमबी (चिनियाँ रकम) राशीसहितको छ । सन् २००९ देखि प्रत्येक दुई वर्षमा प्रदान गरिने सो पुरस्कार प्राप्त गर्ने डा.झा पहिलो नेपाली हुन् । विभिन्न क्षेत्रका प्रतिभाशाली विदेशी व्यक्तित्वलाई सियान सरकारले यो पुरस्कार प्रदान गर्ने गर्दछ । सियानमा रहेका करिब १० हजार प्राध्यापक, अनुसन्धानदाता, चिकित्सक, वैज्ञानिक, उद्यमीलगायतका व्यक्तित्वहरूमध्येबाट सन् २०१८ का लागि १० जना छनोट गरिएको छ । पित्तथैलीको क्यान्सरको प्रकोप कमगर्ने विषयमा चिनियाँ विश्वविद्यालबाट विद्यावारिधी र त्यसपछि विद्या बाचस्पति ( पोस्ट डक) पूरा गरी सियान विश्वविद्यालयमा प्राध्यापनरत प्रा.डा. झाको नाममा सियान प्रान्तीय सरकारले चारवर्ष अघि 'चाइना नेपाल फ्रेन्डसिप मेडिकल रिसर्च सेन्टर अफ प्रोफेसर राजीव कुमार झा' स्थापना गरेको छ । गतवर्ष झालाई सियान प्रान्तले नै चिनियाँ बृहत आयोजना 'वान वेल्ट वान रोड' सम्बन्धी नेपालमा सञ्चालन गरिने सम्पूर्ण कार्यक्रम हेर्ने दूतका रूपमा पनि नियुक्त गरेको झाले जानकारी दिए ।



**संशोधनका लागि फोरमले ठोस र मूर्त विषय ल्याएको छैन : देवप्रसाद गुरुङ**

**आन्दोलनलाई बदनाम गराउन थमन विकको हत्या गरियो : अभिराम शर्मा**



अन्तर्वार्ता पृष्ठ ३ मा

## 'संघीयतालाई असफल पार्ने षड्यन्त्र हुँदैछ'



वीरगन्ज । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले नेपालको संविधान विश्वकै उत्कृष्ट संविधान हो भन्नेले अहिले सङ्घीयतालाई असफल पार्न खोजिरहेको आरोप लगाएका छन् । ब्रोडकास्टिङ एशोसिएशन अफ नेपाल (बान)द्वारा बिहीबार यहाँ आयोजित 'सङ्घीयता कार्यान्वयनमा रेडियोको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा उनले भने, 'मुलुकको संविधानलाई कार्यान्वयन गर्ने निकाय राम्रो छैन भने त्यो संविधान प्रभावकारी रूपमा लागू हुन सक्दैन ।' मुख्यमन्त्री राउतले यदि कार्यान्वयन गर्ने निकाय राम्रो छ भने संविधान कार्यान्वयन भएरै छाड्ने बताए । 'संविधान भनेको जीवन्त दस्तावेज हो, जसलाई निरन्तर सुधार गर्दै जाने हो,' उनले भने, 'अहिले पनि संविधानलाई कसरी असफल बनाउने तत्वहरूले नै सङ्घीयता असफल भएको भन्ने गरेकोछ ।' मुख्यमन्त्री राउतले लाखौं मानिसको आन्दोलनले ल्याएको सङ्घीयतालाई कसैले समाप्त पार्न नसकिने उल्लेख गर्दै प्रदेश सरकारले सञ्चार क्षेत्रको विकासका लागि मिडिया मैत्री कानून ल्याउन लागेको जानकारी दिए ।

## प्रदेश २ मा प्रधानमन्त्रीको सम्बोधन भोली



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश २ को प्रदेशसभालाई भदौ २ गते शनिबार सम्बोधन गर्ने कार्यक्रम तय भएको छ । नेपाल कम्युनिष्ट पार्टी धनुषाले जनकपुरमा पत्रकार सम्मेलन गरी प्रधानमन्त्रीले शनिबार बिहान ११ बजे प्रदेशसभालाई सम्बोधन गर्ने जानकारी दिएको हो । सम्बोधनपछि नेपाल कम्युनिष्ट पार्टीका अध्यक्षसमेत रहेका ओलीले धनुषाका शहीद रामवृक्ष यादवको २४औं स्मृतिसभामा पनि सहभागी हुने छन् । ओलीसँगै अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि जनकपुर सहभागी हुनेछन् । प्रधानमन्त्री ओलीले शनिबार बिहान ११ बजे प्रदेशसभामा सम्बोधन गर्ने र त्यसपश्चात् धनुषाको बरमझियामा आयोजना हुने शहीद रामवृक्ष यादवको स्मृतिसभालाई सम्बोधन गर्ने नेकपा नेता एवं प्रदेश समिति कार्यदलका सदस्य विश्वनाथ साहले जानकारी दिए । प्रधानमन्त्री ओलीले यसअघि प्रदेश नं १, ३ र ५ का प्रदेशसभामा सम्बोधन गरिसकेका छन् ।

समय-सन्दर्भ

संगीता रेग्मी



## भारतको स्वतन्त्रता संग्राम र नेपाल

१५ अगस्त भारतका लागि पावन दिन हो । सन् १९४७ अगस्त १५ तारिखका दिन भारतले कठिन संघर्ष गरेर सयौं वर्षको अंग्रेजको शासनबाट मुक्ति पाएका थिए ।

भारतीय स्वतन्त्रता संग्राम वस्तुत: राष्ट्रिय एवम् क्षेत्रीय आह्वान, उत्तेजना एवम् प्रयत्नले प्रेरित, भारतीय राजनीतिक सङ्गठनहरूद्वारा सञ्चालित अहिंसावादी र सैन्यवादी आन्दोलन थियो, जसको एक समान उद्देश्य, अंग्रेजको शासनलाई भारतीय उपमहाद्वीपबाट जरैसित उखेल्नु थियो । यस आन्दोलनको शुरूवात १८५७ मा भएको सिपाही विद्रोह लाई मानिन्छ । स्वाधीनताका लागि हजारौं मानिसहरूले आफ्नो प्राणको बलि पनि दिए । भारतीय राष्ट्रिय कांग्रेसले सन् १९३० कांग्रेस अधिवेशनमा अंग्रेजहरूसँग पूर्ण स्वराजको माग गर्दै औपचारिक रूपमै अंग्रेजविरोधी आन्दोलन सुरू गरेका थिए ।

वास्तवमा भारतीय स्वतन्त्रता संग्राम एउटा त्यो जीवन क्रान्ति हो, जसको मूल्य र मान्यताले सदैव मानव सभ्यता र संस्कृतिलाई दिग्दर्शन गरिरहन्छ । नेपालको सन्दर्भमा यो एकदमै महत्वपूर्ण घटना हो किनभने नेपालका विभिन्न

> स्वतन्त्रता र आत्मसम्मानको महान् कार्यमा दुवै देशका जनता सँगै अघि बढ्नु अपूर्व उदाहरणी हो र यसले दुवै देशमा लोकतन्त्र एउटा सार्वभौम मानव आकांक्षा, जनहित र जीवन पद्धति भएको चित्रण गरेको छ ।

राजनीतिक आरोह र अवरोहमा यस क्रान्तिले दिशानिर्देश गरेको पाइन्छ । नेपालका राजनीतिक योद्धा बीपी कोइरालादेखि मनमोहन अधिकारीसम्मले यो महायज्ञमा आफ्नो योगदान गरेको कुरा स्वर्ण अक्षरले लेखिएको नै छ ।

स्वतन्त्रता र आत्मसम्मानको महान् कार्यमा दुवै देशका जनता सँगै अघि बढ्नु अपूर्व उदाहरणी हो र यसले दुवै देशमा लोकतन्त्र एउटा सार्वभौम मानव आकांक्षा, जनहित र जीवन पद्धति भएको चित्रण गरेको छ । भारतका प्रजातन्त्रिक संस्था र तिनको परिपक्वता र स्थायित्व नेपालका निम्ति प्रेरणादायी हो ।

**नेपालमा प्रभाव**

भारतीय स्वाधीनता आन्दोलनको नेतृत्व महात्मा गान्धीको हातमा पर्नासाथ उनले सन् सन् १९२१ मा अवज्ञा आन्दोलन र सन् १९३१ मा सत्याग्रह आन्दोलनलाई निकै प्रभावकारी बनाए । त्यसपछि सन् १९४२ को अगस्टमा अंग्रेज भारत छोडको नारा दिए । भारतका हजारौं हजार युवा जेल परेका थिए भने शहादत पाउनेको संख्या पनि हजारमा थियो । त्यसबेला भारतमा अध्ययनरत नेपाली युवाहरूले पनि खुलेर भारतीय स्वाधीनता संग्राममा भाग लिए किनभने भारतको स्वाधीनताबेगर नेपालमा कुनै परिवर्तन सम्भव थिएन । त्यस क्रममा पटनामा बीपी कोइराला र भद्रकाली मिश्र पक्राउ परे । वनारसमा गोपालप्रसाद भट्टराई, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, सूर्यप्रसाद उपाध्याय तथा लखनऊमा डिल्लीरमण रेग्मी आदि समातिएर जेल परेका थिए ।

त्यसभन्दा पूर्व नेपालको सन् १९५० को जनक्रान्तिमा रक्सौल क्याम्पको कमान्डर तथा तराई कांग्रेस र पछि नेपाल सद्भावना परिषद् तथा पार्टीको मूल संस्थापक रामजनम तिवारी सन् १९४१ मा कलकत्तामा दरोगाको पद छाडेर महात्मा गान्धीको आन्दोलनमा लागेका थिए ।

यस्तै नेपालको लोकतान्त्रिक आन्दोलनका महारथि गणेशमान सिंह कोलकाताामा आइएस्सी गर्दा महात्मा गान्धी, सुवाषचन्द्र वोस, जवाहरलाल नेहरू आदिका भाषण सुनेर भारतीय स्वाधीनता संग्राममा लागेका थिए ।

उता, भारतीय स्वाधीनता संग्रामका महान् योद्धा जयप्रकाश नारायण, डा. राममनोहर लोहिया, सुरजनारायण सिंह, कुमारी विजया पटवर्द्धन, सरदार सीताराम सिंह, शिवनन्दन मण्डल, डा. वैद्यनाथ झासमेतका क्रान्तिकारीहरू हजारीबाग जेल तोडेर नेपाल पसेका थिए । यी र यस्ता घटनाक्रमले भारतीय

बाँकी पृष्ठ ७ मा


## सम्पादकीय


# भारतलाई शुभकामना

छिमेकी मित्रराष्ट्र भारतले बुधबार ७२औं स्वतन्त्रता दिवस मनाएको छ। सन् १९४७ अगस्त १५ का दिन भारतीयहरूले ब्रिटिश शासनबाट स्वतन्त्रता प्राप्त गरेका थिए। यो दिन भारतका लागि एउटा राष्ट्रिय पर्व पनि हो। प्रत्येक वर्ष यस अवसरमा भारतका प्रधानमन्त्रीले राजधानी नयाँदिल्लीको लालकिल्लाबाट भारतबासीलाई सम्बोधित गर्दै आएका छन्। यस वर्ष पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लाल किल्लाबाट देशबासीलाई सम्बोधन गरेका छन्। त्यसैगरी, विभिन्न देशहरूमा रहेका भारतीय राजदूतावासमा समेत भारतको स्वतन्त्रता दिवस भव्यताका साथ मनाइँदै आएको छ। विश्वकै शक्तिशाली प्रधानमन्त्रीको रूपमा पहिचान बनाएका भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबाट नेपाली नेताहरूले पाठ सिक्नुपर्ने हुन्छ। भारतलाई समृद्धितर्फ डोऱ्याउनका लागि जुन किसिमका नीति, नियम तथा अभियानहरू चलाइएको छ त्यसको तुलनामा नेपाली नेताहरूमा केही पाइँदैन।

भारतले नेपालका हरेक क्षेत्रमा जस्तै, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, जलस्रोत लगायतमा वर्षेनी अर्बौंको लगानी गर्दै आइरहेको छ। विश्वकै अनुपम सम्बन्ध रहेको नेपाल र भारतबीचको सम्बन्धलाई अन्य मुलुकसँग दाँज्न मिल्दैन। भारतले नेपालको हरेक दुःख सुखमा साथ दिँदै आएको छ। छिमेकी मुलुक समृद्ध भए आफू पनि समृद्धिको बाटोमा जान सजिलो हुने मान्यता बोकेको भारतले नेपालको समृद्धिका लागि काँधमा काँध मिलाएर अगाडि बढ्न चाहेको भारतीय प्रधानमन्त्री

**भारतले नेपालमा गर्ने लगानी र क्षेत्रको चयनमा समानता होस् भनी मधेशी अगुवाहरू चाहन्छन्। प्रशिक्षण, सेना भर्ना, छात्रवृत्ति, भ्रमणलगायत भौतिक र जनशक्तिको विकासमा दुवै समुदायबीच समानता चाहन्छन् मधेशीहरू।**

नरेन्द्र मोदीको नेपाल भ्रमणको क्रममा गरिएको सम्बोधनबाट प्रष्ट हुन्छ। भारतले चुनौतीका बीच आफ्ना छिमेकीहरूसँगको सम्बन्ध सुधार गर्ने प्रयास गर्दै आएको छ। नेपाल-भारत सम्बन्धका निमित्त अत्यन्तै महत्वपूर्ण स्थान ओगटेको मधेश र मधेशीको सवालमा प्रष्टताको खाँचो छ। तराई मधेशका हरेक जिल्ला भारतको सीमासँग जोडिएको हुनाले सीमाक्षेत्रका जनताको खास सम्बन्ध रहेको कुरा कसैले नकार्न सक्दैन। नेपाल र भारतबीचको सम्बन्धमा उतारचढाव आएको कुरा बेलाबखतमा सुनिदै आएको छ तर जनता-जनताबीचको सम्बन्धमा कुनै किसिमको चिसोपना आएको छैन। राजनीतिक स्वार्थका कारण नेपालका केही राष्ट्रवादी भनाउँदा नेताहरूले भारत विरूद्ध विभिन्न खालका भ्रम फैलाउन प्रयास गर्छन् तर सम्बन्धमा कुनै किसिमको असर पर्दैन। तर, भारतले मधेशमा बसोबास गर्ने जनताप्रति जुन किसिमको व्यवहार गर्नुपर्ने हो त्यसमा कमी महसुस गरिँदै आएको छ। अवसरमा समावेशिता, विकासमा समानता र सम्बन्धमा सामिप्यताको चाहना राखेका मधेशमा बस्ने नेपालीहरूको मनोभावनालाई बुझ्न जरूरी छ। नेपाल र भारतको सीमा क्षेत्रमा बसोबास गरेका नागरिकहरू दैनिक जीवनयापनका लागि विशेष व्यवस्था हुनुपर्ने, सहुलियत प्राप्त होस् भन्ने चाहन्छन्। मधेशी जनताको भावनालाई समेट्ने हो भने बैंकिङ्ग, कृषि, विकास, ऊर्जा, सीमा, यातायात लगायतका शीर्षकहरू महत्वपूर्ण छ। यी र यस्ता कुराहरू भारतले मध्यनजर गर्दै विशेष ध्यान दिने हो भने यो सम्बन्ध आगामी दिन अझ प्रगाढ र आत्मीय हुँदै जान्छ। कृषि नै मधेशको मेरूदण्ड हो। मधेशमा कृषि क्षेत्र नै बढी रहेको छ। खुला सिमाना र दुवै क्षेत्रमा कृषकहरूकै स्थायी बसोबास रहेकोले भारत-नेपाल सम्बन्ध प्रगाढ गर्न मुख्यतया कृषक र कृषिमा विशेष ध्यान दिनु जरूरी छ। भारतले नेपालमा गर्ने लगानी र क्षेत्रको चयनमा समानता होस् भनी मधेशी अगुवाहरू चाहन्छन्। प्रशिक्षण, सेना भर्ना, छात्रवृत्ति, भ्रमणलगायत भौतिक र जनशक्तिको विकासमा दुवै समुदायबीच समानता चाहन्छन् मधेशीहरू। छात्रवृत्ति, भ्रमण, प्रशिक्षण र अन्य अवसरहरूमा कर्मचारी पत्रकार, नेता, विद्यार्थी, कृषक र अन्य पेशावालहरूले पाउने अवसरमा समानता हुनुपर्ने जरूरी छ। स्कूल, कलभर्ट, सडक, सिचाईं नहर निर्माणमा समानता र समन्यायको चाहना राखेका छन् मधेशीहरूले। अतः नेपाल-भारत सम्बन्धको सेतुको रूपमा रहेका सीमा क्षेत्रका नागरिकहरूलाई प्राथमिकताका साथ व्यवहार गर्दा सदियौंदेखि रहिआएको सामाजिक, धार्मिक, पारिवारिक तथा विविध खालको सम्बन्ध थप उचाईमा पुग्दै जान्छ। तसर्थ, भारतको ७२औं स्वतन्त्रता दिनको अवसरमा सम्पूर्ण भारतीय जनतामा हार्दिक बधाई तथा शुभकामना।

## सताको सात बात


संविधानसभाबाट निमित्त संविधान कार्यान्वयनका लागि सरकार क्रियाशील रहेको छ। संविधान कार्यान्वयनका लागि सबैतिरबाट सहयोग आवश्यक छ। संविधान कार्यान्वयनसँगै समृद्ध नेपाल, सुखी नेपाली निर्माणमा सहयोग पनि पुग्नेछ। **केपी शर्मा ओली, प्रधानमन्त्री**


जति स्पिडमा पार्टी एकता भयो त्यही स्पिडमा तलसम्मको एकता प्रक्रियालाई लैजानु पर्दथ्यो। तर, त्यसमा ढिलाइ भएको छ। ढिलाइ हुनुको कारणले पार्टीमा एक किसिमको गतिहीनता वा शून्यता छाउन खोजेको छ। त्यसलाई अविलम्ब तोड्नुपर्छ। **झलनाथ खनाल, नेता, नेपाल कम्युनिष्ट पार्टी**


केन्द्र, प्रदेश र स्थानीय तहले एकअर्कामा नदोहोरिने गरी कर लगाउनुपर्छ। करको विषयलाई लिएर संघीयताको अपव्याख्या गरिनु हुँदैन। संघीयतालाइ अघि बढाउन संविधान संशोधन गर्नुपर्ने खाँचो रहेको छ। **उपेन्द्र यादव, उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री**


निजी क्षेत्रसँगको सहकार्यका आधारमा सूचना प्रविधिको विकास गर्न सरकार तयार रहेको छ। सूचना प्रविधिलाई राष्ट्रिय उत्पादकत्व वृद्धिसँग जोडेर सहकार्यका आधारमा समृद्ध नेपालको लक्ष्य हाँसिल गर्नुपर्छ। **गोकुलप्रसाद बाँस्कोटा, संचारमन्त्री**


सरकारले लगानीको लागि नीजि क्षेत्रलाई आकर्षित गर्नुपर्नेमा उल्टै निरूत्साहित गरेको छ। सरकारले आर्थिक समृद्धिको सपना त देखायो तर त्यसका लागि आवश्यक वातावरण बनाउन सकेन। **डा.रामशरण महत, नेता, नेपाली कांग्रेस**


आगामी पाँच वर्षमा बाध्यताले वैदेशिक रोजगारीमा जाने अवस्थाको सम्पूर्ण हिसावले अन्त्य गर्ने गरी रोजगारीको सिर्जनाको काममा लागेका छौं। हामीले चुनावको समयमा जुन-जुन प्रतिबद्धता व्यक्त गरेका छौं, त्यो पाँच वर्षमा पूरा गर्छौं। **गोकर्णराज विष्ट, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री**


सरकारले मलाई पुन : जिम्मेवारी दिएको छ, विश्वास गर्नुस् पुनर्निर्माणमा नमूना काम गरेर देखाउँछु। जनताको विश्वास जित्ने गरी काम गर्नुपर्ने चुनौती मलाई छ।' पहिलेको अनुभवले पुनर्निर्माणको कामलाई गति दिने विश्वास छ, यसपालि कुनै कसर बाँकी नराखी नमूना गरेर देखाउछु। **सुशील ज्ञवाली, प्रमुख कार्यकारी अधिकृत, पुनर्निर्माण प्राधिकरण**

# संघीय विकास र आर्थिक क्षेत्रका विकृतिहरू

**विचार-विश्लेषण** भाग-२१


**उपेन्द्र झा**

> सात वटै प्रदेशमा करको दर बेग्लै बेग्लै रहेकोले यसले पनि उपभोक्ता तथा सरकारबीच असन्तुष्टता बढाएको छ। एउटै सामानको प्रदेश अनुसार फरकफरक करको दरले न्यून करवाला प्रदेशबाट सामान बढी आयात हुने अवस्थाले प्रदेश प्रदेशबीच उपभोक्ता र स्थानीय सरकारबीचको अन्तर्द्वन्द्व स्वतः जन्मिने प्रष्ट छ।

**देश** संघीय अभ्यासको नयाँ प्रयोगमा लागेको छ। लामो समयदेखि विकासको अभावमा देश परनिर्भताको शिकार भएको छ। विकासको माध्यमबाट उत्पादकत्व बढाउने जहाँ ठूलो चुनौती छ भने आर्थिक क्षेत्रमा गहिरो जरा गाडेको बेथितिलाई हटाउन सरकार समक्ष कठीन कार्य तेर्सिएको छ। अनैतिक प्रवृत्तिले गाँजेको अर्थक्षेत्रको शुद्धिकरण कुनै पनि सरकारका लागि कठीन मात्र होइन, असम्भव नै देखिन्छ।

आर्थिक अनियमितताबाट सृजित आर्थिक अराजकताले उत्पादन क्षमता त अवरूद्ध भयो नै, अन्तर्राष्ट्रिय बजार प्रतिस्पर्धामा हाम्रो उत्पादन स्थान बनाउन सकेन। फलतः न्यून निर्यात र स्तरहीनताले लाभ व्यापार बढाउन सकेन। व्यापार घाटा तीव्र रूपमा बढ्दै गयो र यसलाई रोक्ने क्षमता परिवर्तित सरकारले पनि बनाउन सकेन। संस्थागत रूपमा जरा गाडेका आर्थिक अराजकताले राजनीतिक परिवर्तनलाई स्वीकार त गऱ्यो तर आधुनिक, वैज्ञानिक उत्पादन क्षमतालाई स्वतन्त्र रूपमा विकास हुन नदिइ यथास्थितिमा नै राखेकोले परिवर्तित परिवेशमा पनि लोकतान्त्रिक प्रणालीका प्रतिफल जनताले अनुभूत गर्न सकेन।

विद्यमान राजनीतिक प्रणाली जसले समानुपातिक रूपमा जनअपेक्षा पूरा गर्न सक्दैन, त्यस विरूद्ध स्वाभाविक प्रक्रियाद्वारा आन्दोलन उठ्ने गर्दछ र यसले राष्ट्रिय स्वरूप प्राप्त गरी जनताको अभिष्ट पूरा गर्दछ। आमूल परिवर्तनका लागि उठेका आन्दोलनहरू सम्झौतामा टुँगिएकोले सतही रूपमा परिवर्तन देखिए पनि यसको अपेक्षाकृत स्वाद जनताले पाउन सकेनन्। परम्परागत राज्यसत्ताले नवीन परिधान धारण गरेपनि चारित्रिक विशेषतामा खासै परिवर्तन भएन। राजनीतिक परिवर्तन गराउने नेतृत्वमण्डल पनि परम्परागत राज्यसत्तालाई ध्वस्त गर्न चाहेनन् बरू आफूनै राज्यसत्ताको आकाँक्षा अनुरूप बदलेको हो। यस्तो अवस्थामा परिवर्तनका लागि सर्वाङ्ग विकासको अवधारणा पूरा हुन सक्दैन। पूर्ववर्ती राज्यसत्ता जसको हितका लागि खडा गरिएको थियो, त्यसको पृष्ठ पोषकको रूपमा रहि रहनेमा कुनै शंका छैन। लोकतन्त्र पुनर्स्थापनाको झण्डै तीन दशक हुन लागेको छ। देशको प्रगति तथ्याँकमा उल्लेखनीय विकास सूचांकको अभाव प्रष्टै छ।

सामान्य अर्थमा जनताले चाहेको परिवर्तन शासन प्रणालीको आधारभूत मान्यता र सिद्धान्तभन्दा पनि जनजीवनमा गाँस, वास र कपासको समस्या हल गर्नु हो। जनताले यसको अनुभूति नपाएसम्म परिवर्तनको अभिष्ट पूरा हुन सक्दैन। २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना पश्चात् पनि ठूलो आन्दोलनहरू हुनुको अर्थ जनआकाँक्षालाई प्रजातान्त्रिक सरकारले पनि सम्बोधन गर्न सकेन। प्रजातन्त्र बदनाम भएर त्यसको सट्टामा लोकतन्त्र शब्दको प्रयोग चलनमा आयो। लोकतन्त्र शब्दको प्रयोग पनि एक दशकदेखि भई रहेको छ तर न मानव विकास सूचकाँक अघि बढेको छ न विकासको सूचकाँक नै।

कुनै पनि शासन प्रणाली आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा रहेको समस्याहरूलाई हटाएर विकासको लक्ष्य पूरा गर्ने अवधारणा बोकेको हुन्छ। लोकतान्त्रिक मूल्य र मान्यता अनुरूप यसको सफल कार्यन्वयनले नै जनताको आकाँक्षा पूरा गर्ने स्रोत बन्न सक्छ। कार्यान्वयन गर्ने निकाय परापूर्व कालदेखि चल्दै आएको सरकारी संयन्त्र (स्थाई सरकार) हो जसको चरित्रमै लोकतन्त्र पसेको छैन। लोकतन्त्र पुनर्स्थापना पश्चातको ठूला आन्दोलन यसको प्रमाण हो। ०६२/६३ पश्चात् गठन भएको संविधान सभाले पनि कल्याणकारी संविधान बनाउन कम सास्ती भोग्नु परेन। जन असन्तुष्टताकै धरातलमा संविधानको घोषणा भयो। मधेशले संविधान घोषणाको दिवसलाई 'कालो दिवस' भनेर मनायो भने पहाडले दिपावली गरेर मनायो।

शासन प्रणली र शासकलाई सोही शासन पद्धतिअनुसार अलोकप्रिय बनाउने, वदनाम गराउने तथा अपदस्थ गराउने सरकारी संयन्त्र नै हो। लोकप्रियता दिलाउने पनि यही संयन्त्र हो। कसले बनाएको संयन्त्र त्यसैको वर्गहितमा प्रयोग हुने निकाय परिवर्तनलाई तत्काल स्वीकार गर्दैन। २०१५ सालमा आम चुनावमा जितेर आएका प्रजातन्त्रवादी सरकारलाई देशैभर बद्नाम गरि अपदस्थ गराएको सरकारी संयन्त्र नै हो। लोकतन्त्र स्थापनाको तीन दशकमा पनि लोकतान्त्रिक सरकार लोकप्रिय हुन नसक्नुको कारण अरू के हुन सक्ला।

सरकारी संयन्त्र भ्रष्ट आचरणको रहेको आरोप लाग्दै आएको र दिनहुँ भ्रष्टचारमा कर्मचारीहरू समातिँदै आएको कारण कर्मचारीहरू कर्तव्यप्रति उदासीन बन्दै जानु ठूलो समस्या हो। अख्तियारको कारवाहीमा परेका कारण अन्य कर्मचारीहरू विकास बजेटलाई कार्यान्वयनको दिशामा लग्न नचाहनुले वर्षेनी अर्बौं रकम फ्रिज हुने उदाहरण पनि देखिँदै आएको हो। काममा मन नलगाउने, गर्नै परे प्रक्रियालाई जटिल बनाई सेवाग्राहीलाई दुःख दिने, संन्यन्त्रलाई अन्य कामको बहाना अवरूद्ध गर्ने आदि कार्यहरू देखा पर्दा सरकारले तलब बढाएर खुसी पार्नुको कुनै विकल्प रहँदैन। केहि दिन चुस्त दुरूस्त देखिएका संयन्त्र पुनश्चः आफ्नो चारित्रिक विशेषतामा रमाउने गर्छ।

धनलाभसँगै विकास कार्यक्रमको अहम् हिस्सा बनेर यश लिने उत्कट चाहना पुरा नहुने अवस्थामा कर्मचारीहरूको कार्यप्रतिको शिथिलता प्रगट हुने गर्दछ। त्यसमा पनि संघीय संरचनामा जाने कर्मचारीहरू कतिपयले प्रदेश मातहतमा नबस्ने इच्छा पनि देखाएका छन्। परिवर्तनको सामाजिक रूपान्तरणको प्रक्रियामा रहेको राजनीतिक वातावरण मैत्रीपूर्ण नभई पारस्परिक द्वन्दकोबीचमा रहेकोले रूपान्तरणको प्रक्रिया त्यसै पनि अवरूद्ध हुन्छन्। अर्थात परिवर्तनलाई सहज रूपातरणमा सहयोगी भूमिका नखेलेर यसलाई बदनाम गराउने, समाप्त गरि आफ्नो अभिष्ट पूरा गर्ने कर्मचारीतन्त्रको आकांक्षा सधैं रहिआएको हो।

हरेक शासक र शासन व्यवस्था अलोकप्रिय हुनुको पछाडि कर्मचारीतन्त्रको असहयोग प्रमुख हो। सरकारी प्रक्रिया जटिल बनाएर सेवाग्राहीमा सरकारलाई वद्नाम गरि द्वन्द्व उठाउने कार्यमा सधैं लिप्त रहने, बजेटलाई आफ्नो ठानी मनपरी प्रयोग गर्ने गराउने कार्यबाहेक कर्तव्यका अन्य दायित्व ऐच्छिक कार्यभित्र पर्ने गर्दछ। यसैकारण सरकारी संयन्त्र भ्रष्टचारलाई संस्थागत विकास गराउन सफल भएको देखिन्छ।

कुनै पनि विकास योजना कर्मचारीतन्त्रकै स्वामित्वमा रहने गर्ने राम्रो परिणामको यश आफूले लिने र असफलताको परिणाम सरकारको टाउकोमा राख्ने कर्मचारीतन्त्रको मानसिकता अझ गहिरो जरा गाडिसकेकोले शुभ परिणामको आश गर्नु बेकार हो। स्थायी सरकारको अधिकारमा अन्य कसैको हस्तक्षेप स्वीकार गर्न नसक्ने कर्मचारीतन्त्रमा मन्त्री वा अन्य सहभागिता मैत्रीपूर्ण रहन कठीन छ। संविधानमा उल्लेख जनअपेक्षालाई कार्यान्वयन विधिद्वारा जनतासम्म पुऱ्याउने राजनीतिकर्मीको उच्च मनोवल जब कर्मचारीतन्त्रको मातहतमा पुग्छ त्यहाँ संघर्षको वातावरण सिर्जना भएपछि विकास कार्य योजना प्रभावित हुन्छ। पारस्परिक संघर्षको वातावरणमा विकास सधैं अवरूद्ध हुँदै आएको छ। देशको विकास, उन्नति तथा समृद्धिसँग कर्मचारीतन्त्रको कागजी सम्बन्ध मात्र रहेको धनलाभ मुख्य उद्देश्य राखी कर्तव्य र दायित्वलाई परिभाषित गर्ने कारणतिर कसैको ध्यान हुँदैन। कर्ता नै भ्रष्ट रहेपछि विकासलाई परिणामसम्म पुऱ्याउन कठीन नै हुन्छ।

देशको आर्थिक क्षेत्रको सूचकाँकलाई हेर्ने हो भने देश पराधिन भइसकेको यथार्थलाई कसैले स्वीकार गर्दैन। कर्मचारीतन्त्र आफ्नो निकम्मापनलाई मनगठन्त प्रगति रिपोर्ट बनाउन तथा देश धैरै प्रगतिमा रहेको मिथ्या तथ्यांकबाट सार्वजनिक अभिव्यक्ति दिइरहेका छन्। अर्थतन्त्रको मेरूदण्ड मानिने कृषि, उद्योग धराशायी छ। विकासको गतिहिनताका कारण पछिल्लो ११ महिनाको आयात निर्यातको समीक्षा मूल्याँकन गरि नेपाल राष्ट बैंकले सार्वजनिक गरेको तथ्याँक अनुसार आयात २३.५ प्रतिशतले बढेर ११ खर्ब ७ अर्ब ३५ करोड पुगेको छ भने निर्यात १०.४ प्रतिशतले वृद्धि भई ७४ अर्ब ३१ करोडमा मात्र सीमित छ। व्यापार घाटा २४.६ प्रतिशतले वृद्धि भई रू. १० खर्ब ३३ अर्ब ४ करोड पुगेको छ। उपभोगको अंश लगातार बढ्दो अवस्थामा रहेकोले व्यापार घाटाको यो अनुपात आउँदो दिनमा अझ बढ्न सक्ने संकेत अर्थविद्हरूले दिएका छन्।

नेपालको दुवै छिमेकी देश भारत र चीन ठूलो अर्थतन्त्र भएको देशमा रूपान्तरण भएको छ। चीन समृद्धिशाली भई संसारको दोस्रो ठूलो अर्थतन्त्रको देश हो र निकट भविष्यमा नै संसारको सबभन्दा ठूलो अर्थतन्त्रमा रूपान्तरण हुने प्रतिस्पर्धामा लागेको छ। अहिले चीनको आर्थिक वृद्धिदर ६.७ प्रतिशत रहेको विश्व बैंकले देखाएको छ। २०१६ मा भारतको आर्थिक वृद्धिदर ७ प्रतिशत थियो। आगामी २०१९ सम्म वृद्धिदर ७.८ प्रतिशत पुग्ने विश्व बैंकले प्रक्षेपण गरेको छ।

विश्वको कुल गार्हस्थ्य उत्पादनमा चीनको हिस्सा १५ प्रतिशत छ। भारतको ३ प्रतिशत छ भने नेपालको हिस्सा ०.०३ प्रतिशत छ।

संघीय संरचना अन्तर्गत तीनवटा सरकार अहिले अस्तित्वमा आएको छ। तीनवटै सरकारको अधिकार बाँडफाँड भई वित्तीय कारेवार गर्न संघीय सरकारले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४, स्थानीय सरकार संचालन ऐन-२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन-२०७४ बनाएको छ। अधिकारको पनि बाँडफाँड गरिएको छ। बजेटको विनियोजन भएको छ। प्रथम अभ्यासमा रहेको तीनै सरकार अधिकार कति कटौती भयो र कति अधिकार कसैले पायो त्यही निकर्यौलमा समय बित्यो। स्थानीय न.पा./गाउँपालिकाले सबै स्थान ओगटेकोले प्रदेश सरकारको अधिकार क्षेत्र अन्योदग्रस्त छ। बजेट विनियोजन हुँदा प्रदेशको समस्यालाई समाधान गर्ने अप्ठ्यारो अवस्थामा पनि देखिन्छ। प्रशासनिक यन्त्र र राजनीतिक नेतृत्वबीचको खिचातानी त छँदैछ।

सात वटै प्रदेशमा करको दर बेग्ला बेग्लै रहेकोले यसले पनि उपभोक्ता तथा सरकारबीच असन्तुष्टता बढाएको छ। एउटै सामानको प्रदेश अनुसार फरकफरक करको दरले न्यून करवाला प्रदेशबाट सामान बढी आयात हुने अवस्थाले प्रदेश प्रदेशबीच उपभोक्ता र स्थानीय सरकारबीचको अन्तर्द्वन्द्व स्वतः जन्मिने प्रष्ट छ। यी सबै अन्तर्द्वन्दका बीच विकास योजना कसरी संचालन हुने तथा कसरी परिणाममुखी हुने प्रष्ट छैन।

राजनीतिक नेतृत्वले लिएको जन आकाँक्षा पूरा गर्ने लक्ष्यअनुरूप ब्यूरोक्रयाटस् तथा टेक्नोक्र्याट्स मानसिक रूपले विकास कार्यका लागि तयार हुनु पर्दछ। धनलाभ भन्दा सेवामुखी भावनाबाट प्रेरित भएपछि विकासको गतिहीनता हट्न सक्दछ र देश प्रगतिको पथमा अग्रसर हुन सक्दछ। स्थायी सरकारका कर्मचारीहरूको मनोवृति नै विकासका बाधक हो। आउने राजनैतिक नेतृत्व पनि उनकै प्रलोभनमा परि अनैतिक गतिविधिका शिकार हुन्छन्। लामो समयदेखि देश यिनकै कब्जामा रहेकोले वैदेशिक लगानीका साथ सुरू भएको विकास कार्यक्र ३ दशकमा पनि प्रगति सूचाकाँकमा आउन नसकेको जिम्मेवारी यिनको नभई कसले लिने ? हरेक विकास कार्यक्रमको स्वामित्व लिने ब्यूरोक्र्याट्स नै दोषी देखिने कुरा प्रष्ट छ।

janukjha24@gmail.com

# "प्रदेश २ को सरकारबाट जनता निराश छन्"

प्रदेश २ को सरकारको काम गर्ने शैली सन्तोषजनक छैन। जुन हिसाबले सरकारले काम गर्नु पर्ने हो, त्यसरी गरिरहेको छैन। प्रतिपक्षको भूमिकामा रहेको नेकपाले बेलाबेलामा सरकारलाई सुझाव पनि दिइरहेको छ। हामी संघीयतामा गइसकेपछि जनताको अधिकार दिलाउने कुरामा सरकार चुकेको छ।

हो, सरकारको कार्यप्रति सन्तुष्ट हुने ठाउँ छैन्। जनता नै सरकारसँग सन्तुष्ट छैन भने त हामी कसरी सन्तुष्ट हुन सक्छौं किनभने हामी त्यहि जनताको प्रतिनिधि हो नि। सातै वटै प्रदेशमा सातै वटा मन्त्रालय छ। जसमा सात जना मन्त्री बाहेक अरू मन्त्री छैन, राज्यमन्त्री पनि छैन। तर २ नम्बर प्रदेशमा राज्यमन्त्रीसहित ठूलो आकारको मन्त्रिपरीषद् बनाइएको छ। वास्तवमा ठूलो आकारको सकरार मात्रै बनाएर हुँदैन। हामीले जनताको काम गर्ने तिर लाग्नु पर्छ। हामीले राज्यको सुविधा मात्रै लिइराख्ने र जनताको कामै नगर्ने प्रवृति परित्याग गर्नु पर्छ।


**ज्वाला साह**

सरकारले प्रमुख प्रतिपक्षसँग कुनै सल्लाह लिदैन। हामीले माघ ७ गते सपथ लिएको र जुन रफ्तारका साथ सोचेको थियौं कि सरकारले काम गर्छ, त्यस अनुसार गरेको पाइएको छैन। हामीले आकलन गरेका थियौं कि कम्तीमा समन्वय गरेर सरकारले कार्यक्रमहरूको विषयमा छलफलको माध्यमबाट अगाडी बढाउँछ।

सबैलाई सम्हालेर लान सक्ने दायित्व सरकारको हुन्छ तर त्यो दायित्व पूरा गरेको छैन, उल्टै आफू निकटकालाई कसरी संरक्षण गर्ने र भरणपोषण दिने काम सरकारले गरिरहेको छ। सरकार प्रमुख भएर सरकारमा बस्ने तर सरकारभन्दा व्यक्तिवादी चरित्र प्रर्दशन गर्नु ठिक होइन। त्यो अवस्थाले गर्दा सबैमा चिन्ता बनाएको छ।

प्रदेश २ को सरकारलाई समर्थन गर्नु स्वभाविक थियो। सरकार जब राम्रोसँग चल्छ भने राम्रोसँग समन्वयकारी भूमिका खेल्छ भने समर्थन गर्नु कुनै नराम्रो विषय होइन। यो सरकारलाई व्यवस्थित बनाउन हामीले सल्लाह दिएर अलि मजबुत बनाउन खोजेका थियौं। पछि जो कार्यशैली सरकारले अपनायो, त्यसबाट हामी खुशी छैनौं।

भारतीय प्रधानमन्त्रीको जनकपुरमा भएको भ्रमणका क्रममा विभिन्न समितिहरू बनेको थियो र त्यो समितिहरू बनाउँदा प्रदेश सरकारले प्रमुख विपक्षीको हैसियतमा हामीसाग कुनै सल्लाह गरेको थिएन। त्यति मात्रै होइन, व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा कुनै जानकारी दिइएन। त्यसैले सरकारले जनताको भावनाअनुसार काम गर्न असमर्थ रहेकाले समर्थन फिर्ता लिएका हौं।

जनता अहिले मालिक हुने अवसरमा छ। जनता मालिक बनेर हामीलाई अऱ्हाउने दिन आएको छ। वास्तवमा हामीले जे जति पारदर्शी काम गर्नुपर्छ, त्यो भइरहेको छैन्। प्रदेशलाई भ्रष्टचारमुक्त बनाउनु छ र कम्तीमा एउटा सुन्दर प्रदेश बनाइ २ नम्बर प्रदेशलाई व्यवस्थित बनाउनु पर्ने सोच हाम्रो छ। *(प्रदेश २ की प्रदेशसभा सदस्य साहसँग गरिएको कुराकानीको संक्षिप्त अंश)*

# संशोधनका लागि फोरमले ठोस र मूर्त विषय ल्याएको छैन

अहिलेसम्म के विषयमा संशोधन गर्ने भन्ने विषय नै सहमति जुटिसकेको छैन। सैद्धान्तिकरूपले संविधान संशोधन गर्न सकिन्छ। संविधान भनेको अपरिवर्तनीय दस्तावेज होइन। त्यसकारणले यो जुनसुकै समयमा संशोधन हुनसक्छ। तर, संशोधन गर्न कतिखेर कुन विषयमा, कुन समयमा के विषयमा संशोधन गर्ने भन्ने कुरामा सहमति हुनुपर्‍यो नि। भनेपछि निष्कर्षमा भन्नुपर्दा के विषयमा सहमति गर्ने एजेन्डा त प्रष्टरूपमा आउनुपर्‍यो।



**देवप्रसाद गुरुङ**
**प्रतिनिधिसभा सदस्य तथा प्रमुख सचेतक**
**नेपाल कम्युनिष्ट पार्टी**

**० दुई तिहाईभन्दा बढी बहुमतको शक्तिशाली सरकार बनेदेखि के कस्तो परिवर्तन भएको छ ?**

– तीनै तहको निर्वाचनबाट जनताको जनादेशअनुसार वामपन्थीहरूको यो सरकार निर्माण भएको हो। यो सरकारले जनताका आशा र अपेक्षाहरूलाई पूरा गर्ने प्रयास गरिरहेको छ। आर्थिक विकास र समृद्धि मुलुकको चुनौती हो र त्यहीं चुनौतीलाई पूरा गराउन प्रतिबद्ध भएर अगाडि बढ्नुपर्छ। मुलुकको अस्मिता अत्यन्तै कमजोर भएर आइरहेको छ। यो कमजोर राष्ट्रिय अस्मितालाई सुदृढ गर्नका लागि मुलुकमा आर्थिक विकास गर्नुपर्ने आवश्यक्ता छ। आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नुपर्ने जरूरी छ। त्यसकारणले मुलुकको यात्रा अहिले त्यही दिशामा गइरहेको छ। मुलुकमा स्थिरता र स्थायित्वको आशा अपेक्षाका साथ मुलुक अगाडि बढिरहेको छ।

**० मुलुकको राष्ट्रिय अस्मिता कमजोर हुँदै गइरहेको भन्नुभयो, कसरी ?**

– नेपाल लामो समयदेखि अर्धसामन्ती र अर्धउपनिवेशिक अवस्थाबाट गुज्रिरहेको अवस्था थियो। अर्धसामन्तीको नेतृत्व राजतन्त्रले गरिरहेको थियो र अहिले त्यो विस्थापित भएको छ। यसअर्थमा सामन्तवाद पनि एक हदसम्म विस्थापित भएको छ। तर, अर्धउपनिवेशको जुन प्रणाली हो, त्यो नयाँ किसिमको उपनिवेशमा नवउपनिवेशमा रूपान्तरित भएको छ। नवउपनिवेशमा रूपान्तरित भएको कारणले गर्दा नेपालमा कुनै पनि वस्तुहरूको विकास हुन सकेन। कृषि प्रधान देश भनिएको छ तर कृषिमा विस्थापित हुँदै गएर हरेक वस्तुहरू आयात गर्नुपर्ने अवस्थामा पुगेको छ। कुनै पनि वस्तुमा आत्मनिर्भरता छैन। यो पूर्ण परनिर्भरतामा किन गयो भन्ने प्रश्न छ। त्यस्तै, औद्योगिक वस्तुहरूमध्ये कुनै पनि तयारी वस्तुहरूमा नेपाल आत्मनिर्भर छैन। सबै तयारी वस्तुहरू विदेशबाट आयात गर्नुपर्ने अवस्था छ। मुलुकको मूल अर्थतन्त्र भनेको कृषि र औद्योगिक अर्थतन्त्र हो। यी दुईटै पूर्णरूपमा परनिर्भरतामा गएको कारणले मुलुकको सिंगो अर्थतन्त्र परनिर्भरतामा गयो। यस्तो प्रणालीलाई नै हामीले नवउपनिवेशवाद भन्छौं। यो परनिर्भरताको अवस्थाबाट मुक्त गराउनुपर्ने चुनौती नै मुख्य हो।

**० यो सरकारको पाँच महिनाको अवधिलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

– यो सकार गठन भएपछि मुलुकमा सुशासन कार्य गर्न अधिकतम् प्रयास गरेको छ। आर्थिक विकासका लागि कृषि तथा औद्योगिक क्षेत्रमा केही न केही गुणात्मक सुधार गर्नुपर्छ भन्ने दिशातर्फ लागिरहेको छ। त्यही अनुसारका योजना र कार्यक्रमहरू तर्जुमा गर्ने प्रयास भइरहेको छ। त्यसकारणले मुलुकको अर्थतन्त्रमा एउटा ट्र्याक परिवर्तन गर्नुपर्दछ। परनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भर अर्थतन्त्रमा कसरी रूपान्तरण गर्ने भन्ने कुरा नै अहिलेको प्रमुख चुनौती रहेकोले त्यसलाई सामना गर्नका लागि त्यसतर्फ उन्मुख भइरहेको छ। दुई वर्षको अवधिमा कृषि, खाद्यान्य, सिंचाइ लगायतका विषयहरूमा जोड दिएर खाद्यान्य वस्तुहरूमा आत्मनिर्भर बनाउनुपर्‍यो भन्ने अभियानमा लागिरहेको छ।

**० यो सरकारले 'समृद्ध नेपाल सुखी नेपाली'को नारा दिएर हरेक वस्तुहरूमा कर लगाएको छ, करै करको मारमा पिल्सिएर जनता सुखी हुने अवस्था देख्नुहुन्छ ?**

– निश्चय पनि मुलुक संघीय प्रणालीमा गएको हुनाले सुरूको अवस्थामा केही अराजक स्थितिहरू र भद्रगोल अवस्था पैदा हुन्छ। त्यसकारणले हामी व्यवस्थित बनाउनुपर्ने आवश्यक्ता छ। संविधानले संघीयताको परिकल्पना गरेको छ र संघीयतामा जाँदा राज्यका स्रोत र साधनको कसरी बाँडफाँड गर्ने भन्ने कुराहरूको व्यवस्था गरेको छ। स्रोत र साधनहरूको बाँडफाँड गर्नका लागि सूचिहरू निर्धारण भएको छ र त्योअनुसार अब कानून बनाउन बाँकी छ। कानून बनाउने प्रक्रियामा छ। त्यसैगरी, राजस्व कसरी संकलन गर्ने त ? केन्द्र, प्रदेश र स्थानीय तहले कुन-कुन क्षेत्रबाट राजस्व संकलन गर्ने, केन्द्र, प्रदेश र स्थानीय तहबीच कसरी व्यवस्थापन गर्ने भन्ने कुरामा प्राकृतिक स्रोत साधन तथा वित्तीय आयोग बनाउनुपर्ने हुन्छ। त्यो वित्तीय आयोगले एउटा सिद्धान्त तयार गर्छ र त्यो सिद्धान्तको आधारमा राज्यका तीनटै अंगहरूले करको व्यवस्था छ। त्यसो भयो भने कहीं पनि ओभरल्यापिङ्ग पनि हुँदैन, दोहोरोपना पनि हुँदैन र निश्चित मापदण्डसम्म कर लगाउने व्यवस्था हुन्छ। त्यसकारणले करको विषयमा एउटा वैज्ञानिक तरिकाले व्यवस्थापन गर्न आयोग बनाउनुपर्ने आवश्यक्ता छ। अहिले आयोग नबनिसकेको अवस्था छ, भने ऐन कानूनहरू पनि बनिसकेको छैन। त्यसकारणले विभिन्न तहहरूले आआफ्नो ढंगले कार्यहरू अगाडि बढाउँदा केही विरोधाभाष हुनसक्छ। त्यसलाई विस्तारै योजनाबद्ध बनाउँदै कर प्रणालीमा कुनै अवैज्ञानिक व्यवस्था हुने छैन। केन्द्र, प्रदेश र स्थानीय तहले उठाउने करको एउटा मापदण्ड बनिसकेपछि कुनै किसिमको भद्रगोलता पैदा हुँदैन। थुप्रै मुलुकहरूमा संघीयतामा कर उठाउने गरिदै आएको छ। तर, त्यो कर प्रणाली वैज्ञानिक भयो कि भएन भन्ने कुरा नै प्रमुख कुरा हो। त्यसकारणले वैज्ञानिक कर प्रणाली अवलम्बन गर्नका लागि विज्ञहरूको वित्तीय आयोग बनाएर स्रोत साधनको बाँडफाँड गर्दा धेरै कुराहरू व्यवस्थित हुँदै जान्छ।

**० कांग्रेसले जसरी यो सरकारमाथि अधिनायकवाद लाद्न खोज्यो भन्ने आरोप लगाउँदैछ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– यो त प्रतिपक्षको धर्म हो। प्रतिपक्ष हुने बित्तिकै सत्तापक्षको जसरी भए पनि विरोध गर्नुपर्ने लोकतान्त्रिक संसदीय व्यवस्थाको एउटा परम्परा छ। यो परम्परा प्रणालीअनुसार नै सायद कांग्रेसले यो कुरा उठाएको हुनसक्छ। यसको पछाडि कुनै तथ्य र सत्यता छैन। कि त कांग्रेसले संसदीय लोकतान्त्रिक व्यवस्था नै अधिनायकवाद हो भन्न सक्नुपर्‍यो। यो सरकारले हरेक काम संसदीय लोकतान्त्रिक व्यवस्थाअनुसार नै गरेको छ। सरकारको नीति नियमहरू संविधानको व्यवस्थाअनुसार नै गरिरहेको अवस्था छ। संविधानभन्दा विपरीत ढंगले गरेको छ भने सदनबाट सहज ढंगले त्यसलाई 'चेक एण्ड ब्यालेन्स' गर्न सकिन्छ। त्यसकारणले यहाँ खाली आरोपका लागि आरोप लगाउने बाहेक कुनै सत्य र तथ्यमा आधारित छैन।

**० यो सरकार गठनदेखि अहिलेसम्म विभिन्न निर्णयहरू संविधान विपरीत गर्‍यो भनेर काँग्रेसले तर्क गर्दैछ नि ?**

– प्रधानमन्त्री सदनबाटै निर्वाचित भएको हो। सदनमा झण्डै दुईतिहाईको बहुमतले विश्वासको मत प्राप्त गरेर गठन भएको हो। सदनले विश्वासको मत दिएर सरकार गठन गर्नु अधिनायकत्व हो भने लोकतन्त्र के हो ? अल्पमतले सरकार बनाउने लोकतन्त्र हो त ? त्यो त होइन। जनताको अभिमतलाई बहुमत जनप्रतिनिधिले नियुक्त गरेको प्रणाली लोकतन्त्र हो। फरक मत हुनसक्छ, विमति हुनसक्छ, प्रतिस्पर्धा हुन्छ। या त कांग्रेसले अल्पमतले शासन गरेको प्रणाली लोकतन्त्र हो भन्नुपर्‍यो। तर बहुमतले गरेको व्यवस्थालाई अधिनायकत्व भन्ने हो भने लोकतन्त्र के हो ? त्यसकारणले, विरोधका लागि विरोध मात्र हो। लोकतन्त्रसम्बन्धी कांग्रेसका धारणा नै वास्तवमा अधिनायकवाद जस्तो देखिन्छ। यहाँ सत्तापक्ष र प्रतिपक्ष छुट्याइदिएको भए पनि हामी सदन सञ्चालनदेखि लिएर हरेक कुराहरूमा सबैको बीचमा न्यूनतम् सहमति जुटाउनुपर्छ भन्नेतर्फ लागेका छौं। हामी जति सहमतीय मोडेल खोज्छौं, उहाँहरू उति अधिनायकवादी भनेर आरोप लगाउनुहुन्छ। त्यसकारणले उहाँहरूको दृष्टिदोषको परिणाम हो।

**० संविधान संशोधनका लागि नेकपाले जसरी संघीय समाजवादी फोरम नेपालसँग सहमति गर्‍यो, त्यस विषयमा के हुँदैछ ?**

– उपयुक्त समयमा संशोधन होला। संविधान संशोधन भने दुई तिहाई बहुमतले गर्नुपर्ने विषय हो। संशोधनको विषयमा सबैको सहमतिले गरौं भन्ने हाम्रो धारणा हो। प्रक्रियामा त सहमत हुनुपर्‍यो नि। सके अन्तरवस्तुमा पनि सहमति खोज्ने हो। त्यसकारणले सबै दलहरूबीच जतिखेर सहमति जुट्छ, त्यतिखेर नै यो प्रक्रिया अगाडि बढ्छ।

**० संशोधन गर्नकै लागि नेकपाले फोरमसँग सहमति पनि गरेको हो, कांग्रेसले पनि सहयोग गर्छौं भनेर संसदमै प्रतिबद्धता जनाएको छ भने अर्को राजपाको पनि त्यही माग हो। भनेपछि संशोधन गर्न समस्या कहाँनेर छ ?**

– संशोधनका लागि त पहिलो कुरा के संशोधन गर्ने, एजेन्डामा सहमति हुनुपर्‍यो पहिला। अहिलेसम्म के विषयमा संशोधन गर्ने भन्ने विषय नै सहमति जुटिसकेको छैन। सैद्धान्तिकरूपले संविधान संशोधन गर्न सकिन्छ। संविधान भनेको अपरिवर्तनीय दस्तावेज होइन। त्यसकारणले यो जुनसुकै समयमा संशोधन हुनसक्छ। तर, संशोधन गर्न कतिखेर कुन विषयमा, कुन समयमा के विषयमा संशोधन गर्ने भन्ने कुरामा सहमति हुनुपर्‍यो नि। भनेपछि निष्कर्षमा भन्नुपर्दा के विषयमा सहमति गर्ने एजेन्डा त प्रष्टरूपमा आउनुपर्‍यो।

**० भनेपछि, फोरम सरकारमा त गयो तर के-के एजेन्डामा संशोधन गर्ने प्रष्ट्याएको छैन ?**

– ठोस र मूर्तरूपमा कसैले पनि त्यो प्रस्ताव टेबुल गरेको छैन।

**० राजपा र फोरमले विगतमा संशोधन गर्नुपर्ने बुँदाहरू सरकारलाई बुझाउँदै आएका थिए र अहिले पनि उनीहरूको माग त्यही छ भन्दै आएका छन् नि ?**

– फोरम र राजपाले संविधान संशोधन गर्नुपर्छ भनेर भन्दै आएको सत्य हो तर ठोस र मूर्तरूपमा यही विषयमा संशोधन गर्ने भन्ने कुराको प्रयास र पहल भएको छैन।

**० भनेपछि उनीहरू संशोधन गर्नुपर्छ भनेर नाराको रूपमा मात्र प्रयोग गरेका हुन त, ठोस विषयवस्तु ल्याएको छैन ?**

– अहिलेसम्म कसैले पनि ठोस विषयवस्तु ल्याएको छैन।

# आन्दोलनलाई बदनाम गराउन थमन विकको हत्या गरियो



**अभिराम शर्मा**
**सामाजिक विकास राज्यमन्त्री, प्रदेश २**

राज्यको नियत ठिक भइदिएन। राज्यले मधेश आन्दोलनलाई कमजोर बनाउन खोज्यो। म त्यतिबेलाको तराई-मधेश लोकतान्त्रिक पार्टीको जिल्ला अध्यक्ष थिएँ। मेरो नेतृत्वमा आन्दोलन भइरहेको थियो। निर्दोष जनताको टाउको, छातिमा गोली चलाइएको थियो।

**० तपाई सशस्त्र प्रहरीका असई थमनबहादुर विकको हत्या आरोपमा फरार सूचीमा हुनुहुन्थ्यो, जनकपुर उच्च अदालतको परमादेश अनुसार तपाईले अदालतमा आत्मसमपर्ण गर्नुको कारण के हो ?**

– म फरार भएको होइन। न जिल्ला अदालतबाट, न जिल्ला प्रहरी कार्यालय र कुनै ठाउँबाट मलाई कुनै जानकारी आएकै छैन भने मलाई फरारा भनेर भन्न कसरी मिल्छ। मैले निर्वाचनमा भाग लिएको हो, चुनाव प्रचारप्रसार गरेको हो, निर्वाचनको प्रमाणपत्र बुझेको हो, सपथ ग्रहण गरेको हो, राज्यमन्त्रीको पनि सपथ लिएकै हो अनि म कसरी फरार हुन्छु। विभिन्न सञ्चारमाध्यमबाट थमन विकको हत्यामा अभिराम शर्माको नाम छ भनेर किटानीका साथ भनिएको छ।

**० जनकपुर उच्च अदालतले जारी गरेको परमादेश के हो त ?**

–उच्च अदालतले के परमादेश गरेको हो त्यो मलाई थाहा छैन। मृतक विकका भाई र श्रीमतीले के निवेदन दिए त्यो पनि मलाई थाहा भएन। म अपराधी हुँ र म माथि कुनै अभियोग लागेको छ भने मैले जानकारी पाउनु पर्छ कि पर्दैन ? मैले संचारमाध्यमबाट मात्र जानकारी पाएको हुँ। मलाई कुनै आधिकारिक निकायले जानकारी दिन आएको छैन।

**० तपाई अदालतमा उपस्थित हुनुमा तपाईको पार्टीबाट पनि दबाब थियो भनेर सुनिन्छ नि ?**

– विभिन्न सञ्चार माध्यमबाट जसरी मेरो नाम प्रकाशित भयो म यो देशको जिम्मेवार नागरिक भएको हैसियतले मैले अदालतको सम्मान गरेको हो। म पार्टीको कार्यकर्ता रहेको हुँ। पार्टीको कार्यकर्ताको हैसियतले मैले पार्टीसँग पनि समन्वयन गरे र मैले निवेदन दिएर नै अदालतमा उपस्थित भएको हुँ।

**० अदालतले दिएको आदेशमा के छ ?**

– अदालतले मलाई साधारण तारेखमा रिहा गरेको छ। थमन विकको आफन्तले दिएको जाहेरीमा मेरो नाम छैन। त्यो घटनाका प्रत्यक्षदर्शी राजकुमार झा छन् उसले जुन कागज गरेको छ त्यसमा पनि मेरो नाम छैन। त्यसै घटनाको प्रत्यक्षदर्शी एम्बुलेन्स चालक सुशील मिश्रले अर्को कागज गरेका हुन, त्यसमा पनि मेरो नाम छैन। त्यसै अस्पतालको सहयोगी सियाराम पासवानले पनि कागज गरेको छ र त्यहाँ नि मेरो नाम छैन। यही आधारमा अदालतले मलाई साधारण तारेखमा राखेको छ।

**० थमन विकको हत्याको आरोपमा परेको उजुरीमा तपाईको नाम छैन भने तपाई पनि फरारको सूचीमा हुनुहुन्छ भन्ने कुराहरू कसरी बाहिर आयो ?**

– राज्यको नियत ठिक भइदिएन। राज्यले मधेश आन्दोलनलाई कमजोर बनाउन खोज्यो। म त्यतिबेलाको तराई-मधेश लोकतान्त्रिक पार्टीको जिल्ला अध्यक्ष थिएँ। मेरो नेतृत्वमा आन्दोलन भइरहेको थियो। निर्दोष जनताको टाउको, छातिमा गोली चलाइएको थियो। त्यो आरोपबाट बच्नका लागि षड्यन्त्रपूर्ण तरिकाबाट थमन विकको हत्या गरिएको छ र आन्दोलनलाई बदनाम गर्नका लागि पार्टीका जिम्मेवार नेता, कार्यकर्ताको नाम त्यो घटनामा जोडिदिएको छ।

**० असई थमन विकको हत्यामा आन्दोलनकारीहरूको हात छैन त ?**

– शान्तिपूर्ण आन्दोलन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले गरेको थियो। थमन विक भन्दा अगाडि अमित कापड, वीरेन्द्र मिश्र, रोहन चौधरीको मृत्यु कसरी भयो त्यो सन्दर्भमा पनि कुरा उठाऔं न। हामी शान्तिपूर्ण आन्दोलनमा विश्वास गर्ने मान्छे हो। जहाँ थमन विक घाइते भएर ३५ वटा टाँका लगाइएको भनिएको ठाउँमा एक थोपा पनि रगत देखिदैंन, यो प्रहरीको प्रतिवेदनले भन्छ। एपीएफको प्रतिवेदनले थमन विकको टाउको पछाडिबाट भाँचियो भनिएको छ, डाक्टरको रिपोर्टले उसको शरीर सुन्निएको छ भन्छ। कसको कुरा मान्ने ? यो आन्दोलनलाई कमजोर गर्नका लागि, आन्दोलनलाई बदनाम गर्नका लागि र आफूले गरेको गल्ती लुकाउनका लागि म जस्ता राजनीतिककर्मीहरू माथि झुट्टा मुद्दा लगाइएको हो।

**० मधेश आन्दोलनको क्रममा शहिद भएका परिवारहरूलाई र घाइतेहरूलाई प्रदेश नम्बर २ को सरकारले के सोचिरहेको छ ?**

– गम्भीर प्रकृतिका घाइते र अपांग भएकाहरूका लागि २ नम्बर प्रदेशको सरकारले केही निर्णय गरेको छ। यो व्यवस्था कार्यान्वयनका लागि हामी अगाडि बढेका छौं।

**० तपाईंहरूले आन्दोलनका क्रममा शहीद परिवारलाई ५० लाख दिने भनेर घोषणा गर्नुभएको थियो। त्यो कुरा कहाँ गयो ?**

– हामीले घोषणापत्रमा शहीद परिवारका एकजना सदस्यलाई रोजगारीको व्यवस्था गर्ने पनि भनेका छौं। जनतासँग गरेको प्रतिबद्धता अनुसार हामी अगाडि बढिरहेका छौं। केही समय लाग्न सक्छ तर मधेश आन्दोलनका शहिद परिवार र घाइतेहरूलाई प्रदेश सरकारले हेर्नेछ।

**० प्रदेश नम्बर २ को सरकारको कामबाट त्यहाँका जनता कति सन्तृष्ट छन् ?**

– मधेशी जनताको चाहना अनुसार मधेशमा मधेशी दलको सरकार छ तर यहाँ राज्यले नै विभेद गर्दै आएको हो। अहिले पनि संघीय सरकारले हामीलाई प्राधिकरण बुझेको छ। जसको भोटले हामीले सरकार निर्माण गरेका छौं उनीहरूको चाहना अनुसार हामीले काम गर्नुपर्ने हुन्छ। जनता एकदम आशावादी छन् २ नम्बर प्रदेशको सरकारसँग। हामीले गरेको घोषणा अनुरूप प्रतिबद्ध भएर काम गर्नेछु। हामीले पाएको जनादेश र सर्मथनको हिसाबले २ नम्बर प्रदेशका जनता हाम्रो विरोधमा उठेका छैनन्।

**० दलितहरूले त तपाईहरूको विरोध गरेकै हुन् नि ?**

– दलितहरूको मागप्रति हामी प्रतिबद्ध छौं। दलितको माग अनुसार कानुनमा संशोधन हुन्छ।

**० प्रदेश २ को कामकारवाही एकदम सुस्त गतिमा अगाडि बढेको छ भनेर प्रतिपक्षहरूले अरोप लागउँदै छन् नि ?**

– अन्य ६ वटा प्रदेशको पनि अवस्था हेरौं न। प्रतिपक्षको काम नै हो विरोध गर्ने। उसले विरोध गर्न पाउनुपर्छ। २ नम्बर प्रदेशको कामबाट नै यो देशमा संघीयता स्थापित हुने हो। त्यसैले हामी एकदमै सकारात्मक ढंगले अगाडि बढेका छौं। विरोध भित्र पनि समर्थन गरेको अवस्था छ प्रतिपक्षले हाम्रो प्रदेशमा।

**० कुनै नीति नियम बनाउँदा प्रतिपक्षीहरूसँग सल्लाह गर्नुहुन्न भन्ने पनि गुनासो छ ?**

– भोटिङ भएर कतिवटा विधेयक पास भएको छ ? त्यहाँ त सबै सहमतिमै नीति निर्माण हुने गरेको छ। संमग्रमा दुई नम्बर प्रदेशको सरकार चलाउनको लागि प्रतिपक्षले पनि सकारात्मक रूपमा सहयोग गरिरहेको छ।

**० प्रदेश नम्बर २ को प्रदेशसभाले नाम र स्थायी राजधानी अहिलेसम्म तोक्न नसक्नुको कारण के हो ?**

– त्यो छलफलको विषय हो। हामीले अनौपचारिक रूपले यो विषयमा छलफल सुरू गरिसकेका छौं अब त्यसको निर्णय छिट्टै हुन्छ।

**० प्रादेशिक भाषाको विषयमा कुरा कहाँ पुगेर रोकिएको छ ?**

– भाषा, राजधानी र नामाकरणको विषयमा हामी जतिसक्दो छिटो निकास निकाल्न प्रयासरत छौं।

**० जनकपुर आसपासको क्षेत्रको स्तरोन्नतिका लागि भनेर भारतीय प्रधानमन्त्रीले अनुदानको घोषणा गर्नुभएको थियो त्यो कहिले आइपुग्छ त ?**

– त्यो अनुदान रकम जनकपुरको लागि नै आउने हो तर संघीय सरकारसँग सहकार्य गरेर काम अगाडि बढाउनु पर्ने हुन्छ।

**० समय समयमा केन्द्र सरकार र प्रदेश २ को सरकारबीच टकरावको स्थिति आउने गरेको छ नि ?**

– यसलाई टकराव भन्न मिल्दैन। हामीले जनताको भावना उठाउने हो। २ नम्बर प्रदेशको सरकार हामीले सञ्चालन गरिरहेका छौं तर केन्द्रीय सरकारले हामीलाई कुनै प्राधिकरणको जस्तो व्यवहार गर्ने गरेको छ। हामीले काम गरे पनि सञ्चालन केन्द्रबाट नै हुने व्यवस्था बनाएको छ। अनि हामीले कसरी काम गर्ने। देश संघीयतामा गइसकेको अवस्थामा अब राज्यले प्रदेशहरूलाई अधिकार दिन डराउनु हुँदैन। प्रदेशलाई अधिकार सम्पन्न बनाएर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यक्ता हो।

**० यो समस्या २ नम्बरमा मात्र छ कि अन्यमा पनि छ ?**

– अन्यमा पनि होला। संघीयता त मधेश आन्दोलनको बलमा आएको हो। दुई नम्बर प्रदेशलाई हेरेर यो देशको कानुन बने गर्छ।

**० तपाईको विषयमा जे-जस्ता समाचारहरू आउने गरेका छन् त्यस विषयमा तपाई के भन्न चाहनुहुन्छ ?**

– म फरार अभियुक्त होइन। देशको जिम्मेवार नागरिक भएको हैसियतले म अदालतमा पुगेको हुँ। संचारमाध्यमहरूले साँचो विषय उठाइदिनु भन्न चाहन्छु। मात्र कसैलाई बदनाम गर्ने हिसाबले हचुवाको भरमा समाचार सम्प्रेषण नगर्न अनुरोध गर्दछु।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# आधुनिक प्रविधिले बढायो जोखिम

**-काशीराम शर्मा**

बाँके । आजभोलि सबै मानिसको हातमा मोबाइल देखिन्छ । अधिकांश युवायुवती मोबाइलमै व्यस्त देखिन्छन् । नेपाली बजारमा प्रविधिले आफूलाई स्थापित गरिरहेको छ । प्रविधिले कतिपय कामलाई निकै सहज बनाएको छ । तर प्रविधिकै कारण नेपाली महिला र बालबालिका बेचबिखनको उच्च जोखिममा पर्ने गरेका छन् ।

प्रविधिका कारण हिजोआज मानव बेचबिखनमा बिचौलियाको भूमिकासमेत कम हुँदै गएको छ । महिला सिधै दलालको पोल्टोमा पर्न थालेका छन् । चेलीबेटी बेचबिखनविरूद्ध सरकारी र गैरसरकारी निकाय सक्रिय भएसँगै दलालले आफ्नो शैली पनि फेरेका छन् ।

विगतमा भौतिक उपस्थितिमै ललाइफकाइ महिला बेच्ने गिरोह अहिले मोबाइल फोनबाटै महिलालाई लोभ्याएर विदेश पुऱ्याउने गरेको पाइन्छ । दलालले फोनमा देखाएको प्रलोभनले ग्रामीण सोझा, अशिक्षित महिलामात्रै नभई सचेत महिला पनि फस्ने गरेका छन् ।

फेसबुक, म्यासेन्जर हुँदै इमो चलाउने ग्रामीण क्षेत्रका महिलाको सङ्ख्या उच्च देखिएको छ । ग्रामीण क्षेत्रका अधिकांश महिलाले फेसबुकभन्दा इमो बढी चलाउने गरेका छन् । "फेसबुक र म्यासेन्जरभन्दा इमोमार्फत कुराकानी गर्न सहज हुन्छ, जोखिममा रहेर उद्धार गरिएका धैरै महिलाले इमोमार्फत सम्पर्क भएको बताउने गरेका छन्," माइती नेपाल नेपालगञ्जका संयोजक केशव कोइरालाले भने, "दलालले इमोमार्फत महिलालाई ललाइफकाइ गर्ने शैली अपनाएपछि यसको रोकथाममा पनि चुनौती थपिएको छ ।"

अहिले दलाल भारतीय शहरमा बसेर नेपालबाट महिलालाई बोलाउने गरेका छन् । "विगतमा महिला बालबालिका बेचबिखनमा संलग्न मुख्य नाइके फेला नपरे पनि बिचौलिया पक्राउ पर्ने गरेका थिए । अहिले फोनकै भरमा महिलालाई भारत ओसार्न थालेपछि नियन्त्रणमा समेत चुनौती थपियो" उनले भने ।

मोबाइल फोन, फेसबुक, म्यासेन्जर, इमोगायतका कारण मानव तस्करलाई नयाँ व्यक्तिसँग चिनजान र सम्पर्क बढाउन सहज बनाइदिएको छ । यसले मानव बेचबिखन तथा ओसारपसारलाई अझै बढी सहज बनाउँदै भनेको समय र स्थानमा बोलाएर भेट्न सजिलो भएको छ ।

छोटो समयमा अपरिचित मान्छेले फोन गर्ने, नाता जोड्ने, भेटघाट गर्ने र राम्रो जागीर लगाइदिने, प्रेम तथा विवाह गर्ने बाहनामा युवतीलाई सीमा कटाउने क्रम बढेकाले पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा चुनौती रहेको यस क्षेत्रमा कार्यरत सङ्घसंस्थाको अनुभव छ ।

माइती नेपाल नेपालगञ्जका संयोजक कोइराला अहिले मोबाइल फोन, फेसबुक मानव बेचबिखन तथा ओसारपसारको गतिलो माध्यमका रूपमा रहेको बताउँछन् । १८ देखि ४५ वर्ष उमेर समूहका महिला तथा बालबालिका बेचबिखनको उच्च जोखिममा रहेको माइती नेपालको तथ्याङ्क छ ।

संयोजक कोइरालाले भने, "अहिले आठदेखि १२ कक्षासम्मका किशोरकिशोरी बढी जोखिम छन् । यसमा मध्यम तथा उच्च वर्गका धेरै छन् । प्रविधिको उच्चतम प्रयोग भएको देखिन्छ । मानव दलालले इमोमार्फत महिलासँग कुराकानी गर्ने गरेको पाइन्छ । तस्करले ग्रामीण क्षेत्रका महिलालाई समेत निकै जानकार बनाइसकेका छन् ।"

अहिले भारतमा मात्रै नभई तेस्रो मुलुकमा समेत महिला तथा किशोरीलाई मानव तस्करले पुऱ्याउँदै आएका छन् । "बिलासितាप्रतिको बढ्दो आकर्षण, पारिवारिक समस्या, बेरोजगारलगायतका कारण महिला-बालबालिका जोखिममा छन्," संयोजक कोइरालाले भने ।

दलालले बहिनी, श्रीमती, छोरीलगायतका नाता लगाएर भारत तथा तेस्रो मुलुकमा काममा लगाइदिने तथा सँगै बस्ने बहानामा नेपाली युवतीलाई सीमा कटाउने गरेका छन् । युवतीकै नातेदार र घरपरिवारलाई सीमा कटाउन लगाएर पनि युवतीको बेचबिखन तथा ओसारपसार हुने गरेको छ । पारिवारिक हिंसा, अभिभावकको हेलचेक्र्याइँ, अपरिपक्वता, छिटो धनी र सुखी बन्ने सपनाले पनि कतिपय नेपाली चेली बेचिने गरेको धेरैको बुझाइ छ ।

"जोखिममा परेका महिला-बालबालिकाले उद्धारका क्रममा आफ्नो वास्तविक पहिचानसमेत लुकाउँदा उद्धारमा कठिनाइ हुने गरेको छ," संयोजक कोइरालाले भने, "दलालले नै नाम र ठेगाना गलत भन्न लगाएका हुँदा रहेछन् ।" खाडीमुलुक जानका लागि हिँडेका अधिकांश महिलामाथि भारतबाटै हिंसा शुरू हुने गरेको पाइएको छ ।

रोजगारका लागि दलालमार्फत गएका महिलालाई रोजगार कम्पनी र प्रवेशाज्ञाबारे जानकारी हुँदैन । खाडीमुलुकमा कामदार पठाउनका लागि दलालले नेपाली एयरपोर्टबाट सकेसम्म भारत नै पुऱ्याउने कोशिश गरेका हुन्छन् । भारतीय बाटोबाट तेस्रो मुलुक पठाउँदा कम खर्च लाग्ने र दलालले राम्रो नाफा कमाउने भएकै कारण त्यसो गरिएको कोइरालाले बताए ।

दलालले बहिनी, श्रीमती, छोरीलगायतका नाता लगाएर भारत तथा तेस्रो मुलुकमा काममा लगाइदिने तथा सँगै बस्ने बहानामा नेपाली युवतीलाई सीमा कटाउने गरेका छन् । युवतीकै नातेदार र घर परिवारलाई सीमा कटाउन लगाएर पनि युवतीको बेचबिखन तथा ओसारपसार हुने गरेको छ । शिक्षाको कमी, आर्थिक विपन्नता, खुला सीमा, असुरक्षित बसाइँसराइ प्रमुख छन् ।

पारिवारिक हिंसा, अभिभावकको हेलचेक्र्याइँ, अपरिपक्वता, छिटो धनी र सुखी बन्ने सपनाले पनि कतिपय नेपाली चेली बेचिएका छन् । फोन, फेसबुक, इमोजस्ता सामाजिक सञ्जालको माध्यमले महिला तथा बालबालिकालाई सजिलै आफ्नो जालमा पार्न सफल भएपछि दलाल हौसिएका छन् । प्रत्येक वर्ष चेलीबेटी बेचबिखनको दर पनि बढ्दै गएको छ ।

माइती नेपाल क्षेत्रीय कार्यालय नेपालगञ्जले आव २०६७/६८ देखि २०७४/७५ सम्मको अवधिमा १८ हजार ७९९ वटा घटनामा प्रत्यक्ष काम गरेको तथ्याङ्क उल्लेख गरेको छ । जसमध्ये जोखिमपूर्ण यात्रामा रहेका चार हजार ११५ जनालाई सीमा नाकाबाट उद्धार, चार हजार ३०३ जनालाई मानव बेचबिखन र सुरक्षित बसाइँसराइबारे जानकारी दिएको, श्रम र यौन शोषणमा परेका १९७ जनाको उद्धार गरिएको तथ्याङ्कमा जनाइएको छ ।

त्यस्तै बोडरबाट परामर्श दिएर दुई हजार ३७६ लाई घर फिर्ता गरिएको र ६७ जना किशोरीलाई विभिन्न सीपमूलक तालीम दिइएको जनाएको छ । सो अवधिमा सात हजार ३३५ जना हराएकामा तीन हजार ५७५ जनाको खोजतलास गरी परिवारको जिम्मा लगाएको छ भने ३५२ वटा घरेलु हिंसाका घटनामा १६४ समाधान गरेको तथ्याङ्कमा उल्लेख छ । सो अवधिमा ३८ वटा बेचबिखनका घटनासँग सम्बन्धित मुद्दा दर्ता भएका छन् भने १६ वटा जबर्जस्ती करणीका मुद्दा दर्ता भएको जनाइएको छ ।

# पाइप लाइन विस्तार गर्दा पाँच हजार रूख काट्नुपर्ने

**- वीरेन्द्र कर्ण**

वीरगञ्ज । पर्सा राष्ट्रिय निकुञ्जभित्रको पाँच हजार हरियो तथा वयस्क रूख काटनुपर्ने भएको छ । बारा जिल्लाको पथलैयादेखि अमलेखगञ्जसम्म आठ किलोमिटर पाइप लाइन विस्तार गर्दा बीचमा पर्ने निकुञ्जभित्रको पाँच हजार हरियो तथा वयस्क रूख काटनुपर्ने बताइएको छ ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभक्त आचार्यका अनुसार सो पाइप लाइन अमलेखगञ्जसम्म विस्तार गर्दा निकुञ्जभित्रका करीब पाँच हजार हरियो तथा वयस्क रूख काट्नुपर्ने बताए । उनले यसको लागि सङ्घीय सरकारले स्वीकृति दिइसकेकाले वन तथा वातावरण मन्त्रालयले वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनबारे स्वीकृति दिएपछि रूख काटने प्रक्रिया अघि बढ्ने बताए ।



यसैबीच बहुप्रतिक्षित आयोजनाका रूपमा रहेको मोतिहारी-अमलेखगञ्जसम्म पाइप लाइन जमीनमुनि राख्ने काम बाराको जीतपुर बजार क्षेत्रमा सडक अतिक्रमण गरी बनाइएको संरचना नभत्काउँदा सो क्षेत्रको काम प्रभावित भएको छ ।

पथलैयादेखि अलौँसम्म सडक विभागले छ लेनको व्यापारिक मार्ग बनाइरहेको र सो मार्गमा पर्ने जीतपुर बजारको करीब डेढ किलोमिटर क्षेत्रमा रहेका घर टहरा हालसम्म नभत्काउँदा उक्त क्षेत्रमा पाइप लाइन बिछ्याउने काम प्रभावित भएको पाइप लाइन कार्यालय बाराले जनाएको छ ।

सडक अतिक्रमण गरी बसेको जीतपुर बजार क्षेत्रको घर टहरा समयमा सम्बन्धित निकायले हटाउन नसक्दा सो क्षेत्रमा काम गर्न बाँकी रहेको छ-इञ्जिनीयर शरदप्रसाद पौडेलले रासससलाई भन्नुभयो, "जीतपुर, परवानीपुर, रजतजयन्ती चोक, गण्डक क्षेत्र बाइपास क्षेत्रलगायतका ठाउँमा जमीनमुनि पाइप राख्ने काम रोकिएको छ ।

भारतको मोतिहारीदेखि बारा जिल्लाको अमलेखगञ्जसम्म ७० किलोमिटर लम्बाइको पाइप लाइनमध्ये हालसम्म करीब १७ किलोमिटरसम्म पाइप जमीनमुनि बिछ्याउने काम सम्पन्न भएको छ । नेपालतर्फको भारतीय सीमादेखि अमलेखगञ्जसम्म ३६ दशमलब २ किलोमिटर भू-भागमध्ये हालसम्म ठाउँठाउँ गरी १७ किलोमिटर पाइप जमीनमुनि राख्ने काम सम्पन्न भएको छ ।

रू २७५ करोडको लागतमा निर्माण भइरहेको सो पाइप लाइन निर्माणको लागि भारत सरकारको रू २०० करोड तथा नेपाल सरकारको रू ७५ करोड लगानी रहेको सो कार्यालयले जनाएको छ । प्रतिघण्टा दुई लाख लिटर पेट्रोलियम पदार्थ भित्रिने र भण्डारणको लागि अमलेखगञ्ज डिपोमा तीन हजार ९०० किलोलिटर तथा चार हजार १०० लिटर क्षमताको चार वटा टयाङ्कर निर्माण भइरहेको छ ।

गत चैतको अन्तिम साता भारत भ्रमणका क्रममा प्रधानमन्त्री केपी शर्मा ओली तथा समकक्षी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीको हैदरावाद हाउसबाट संयुक्तरूपमा मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइप लाइनको शिलान्यास गर्नुभएपछि यसको निर्माण कामले गति लिएको छ ।


"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



निर्माण व्यवसायी संघ रौतहटको
छैठौं साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना

निर्माण व्यवसायी संघ जिल्ला कार्यसमितिको मिति २०७५।०४।१५ गतेको निर्णय अनुसार यस संघको छैठौं साधारण सभा तथा जिल्ला अधिवेशन यही मिति २०७५ भाद्र २२ र २३ गते हुने भएको व्यहोरा यस जिल्लाका सम्पूर्ण निर्माण व्यवसायीहरूलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

निर्माण व्यवसायी संघ
जिल्ला कार्य समिति रौतहट


## मधेश अपडेट

### निर्माणमा ढिलाइ गर्नेलाई कारवाही

विराटनगर । सडक तथा पुल निर्माणमा ढिलाइ गर्ने देशभरका डेढ सयभन्दा बढी निर्माण कम्पनी कारबाहीमा परेका छन् । ती निर्माण कम्पनीलाई कारबाही गरिनका साथै आगामी भदौ १२ गतेसम्म काठमाडौं उपत्यका भित्रका सडक निर्माण सक्न अन्य निर्माण कम्पनीहरूलाई निर्देशन दिइसकिएको भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले विराटनगरमा सञ्चारकर्मीहरूसंगको कुराकानीमा जानकारी दिए । सडक निर्माणका क्रममा ठेकेदार कम्पनीहरूले गर्ने ढिलाइ अब अन्त्य हुने बताउदै उनले केही निर्माण कम्पनीलाई अन्तिम चेतावनी दिइएको र अन्तिम पटक समय उपलब्ध गराउँदा पनि निर्माण हुन नसके जरिवानासहित ठेक्का पनि रद्द गर्छौं भने । यातायात क्षेत्रको एकाधिकार अन्त्य गर्ने र ठेकेदार कम्पनीलाई कारबाही गर्ने विषयमा गृहमन्त्रीसँग आफ्नो कुनै मनमुटाव नभएको प्रष्ट पार्दै मन्त्री महासेठले स्थानीय क्षेत्रमा निर्माण भइरहेका बाहेकका सडकलाई सुधार गरिने बताए । उनले सर्वोच्च अदालतको आदेशका कारण सडक निर्माण कार्यमा केही ढिलाइ भएको प्रष्ट पारे ।

### "मधेश विकासका लागि विशेष योजना"

जनकपुरधाम । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले नेपाल कम्युनिष्ट पार्टी( नेकपा) नेतृत्वको सरकार मधेश विरोधी नभएको बताएका छन् । मारबाड़ी सेवा समिति जनकपुरधामको स्वर्ण जयन्ती महोत्सवको शनिबार उद्घाटन गर्दै उनले सरकार मधेशको विकास केन्द्रित विशेष योजनाका लागि रू तीन अर्ब ५२ करोड़को योजना अघि सारेको छ भने । मधेश विशेष विकास योजनाअन्तर्गत मेचीदेखि महाकालीसम्म भौतिक पूर्वाधार तथा यातायात निर्माणका कार्य गरिने बताउँदै उनले भने, "योजनाको विस्तारलाई दृष्टिगत अझै रकम थपिने अवधारणा छ ।" मन्त्री महासेठले १० देखि १५ दिनभित्र जनकपुरधाम-जटही सडकखण्डको नाम शहीद दुर्गानन्द झा नामाकरण गरी छ 'लेन' सडक निर्माण कार्यलाई प्राथमिकता दिने जानकारी दिए । आगामी डिसेम्बर महिनासम्ममा जनकपुरधाम-जयनगर रेल सेवा सञ्चालन र सन् २०२२ सम्ममा सोही सेवालाई वीरगञ्जसम्म विस्तार गरिने लक्ष्य राखिएको उनले बताए ।

### सम्बन्धलाई थप प्रगाढ बनाउने : मुख्यमन्त्री

वीरगन्ज । प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले नेपाल-भारतबीच प्रचीनकालदेखि रहँदै आएको धार्मिक, सांस्कृतिक तथा बेटीरोटीको सम्बन्धलाई साहित्यको आदानप्रदानले थप बलियो बनाउने धारणा व्यक्त गरेका छन् । वीरगञ्जमा भएको नेपाल-भारत साहित्य महोत्सव २०१८ मा मुख्यमन्त्री गद्दीले महोत्सवले दुवै देशबीचको मित्रवत् सम्बन्धलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका छन् । उनले दुवै देश साहित्यमा समृद्ध भए पनि विश्वस्तरमा आफ्नो पहिचान स्थापित गर्न नसकेका कारण पूर्वेली साहित्यले विश्वमा आफ्नो छाप छोड्न नसकेको हो भने ।

### मैथिली चलचित्रका निर्देशक यादवको निधन

राजविराज । मैथिली चलचित्रका निर्देशक धर्मेन्द्र यादव 'धर्मात्मा'को निधन भएको छ । सप्तरीको छिन्नमस्ता गाउँपालिका-७ मोहनपुरका २७ वर्षीय यादवको उपचारको क्रममा मंगलबार काठमाडौंस्थित सिभिल अस्पतालमा निधन भएको कलाकार भुपेन्द्रकुमार मण्डलले जानकारी दिए । उनी मधुमेह र रक्तचापको रोगी थिए । पछिल्लो समय उनी 'कलंक' नामक मैथिली चलचित्रको निर्माणमा व्यस्त थिए । यादव एक दशकदेखि मैथिली कलाक्षेत्रमा सक्रिय रहँदै आएका थिए । उनले एक दर्जनभन्दा बढी मैथिली चलचित्रको निर्देशन तथा अभिनय गरेका छन् । उनले राधा सँग मोहन, जान सन, हिरो तोहर दिवाना, प्रेम रोगलगायत चलचित्र निर्माण गरेका छन् । उनले 'मैथिली खुशी' युट्युव च्यानलमार्फत् मैथिली हास्यव्यंग्यका करीब दुई सय शृङ्खला निर्माण गरेका छन् । "यादव रामलाल, फूलमतीया र जनकपुरवालीको नामले मैथिलीभाषी दर्शकबीच चर्चित थिए," मैथिली साहित्य परिषद्का सचिव श्यामसुन्दर यादवले भने ।

### उखु किसान आन्दोलित

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तुका उखु किसानहरू सरकारले दिने भनेको अनुदान रकम नपाएपछि अनशनमा बसेका छन् । आर्थिक वर्ष २०७१।७२ मा सरकारले उखुको मूल्य निर्धारण गर्दा ४ सय ६१ निर्धारण गरेको थियो । खरिद कम्पनीबाट ४ सय ३६ किसानले पाउने र २५ रूपैयाँ सरकारले दिने सहमति भएको थियो । सोहीअनुसार प्रति क्वीन्टल २५ रूपैयाँको दरले दिने सहमति हालसम्म कार्यान्वनमा नपाउँदा किसानहरू अनशनमा बस्न बाध्य भएका छन् । किसानहरूले इलाका प्रशासन कार्यालय चन्द्रौटामा अनशन बसेका हुन् । कपिलवस्तुमा ७ हजार उखु कृषकले सो अनुदान पाउन सकेका छैनन् । कपिलवस्तुमा मात्रै करिब साढे दुई करोड रकम किसानहरूले पाउनुपर्ने रहेको भएपनि सम्पूर्ण प्रक्रियाहरू पूरा गरेको भएपनि रकम पाउन नसकेको कपिलवस्तु किसान संघका अध्यक्ष अनुपकुमार चौधरीले बताए । अनुपकुमार चौधरी शिवराज नगरपालिका वडा नं ७ का वडा अध्यक्ष समेत हुन् ।

### बागमती नदीमा कटान तीव्र

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वड़ा नंबर ६ र ९ को बिच भागमा बागमती नदीले कटान तीब्र गरेपछि स्थानीयहरू चिन्तित बनेका छन् । केही दिनदेखि परेको अविरल पानीले गर्दा बागमती नदीको जलस्तरमा बृद्धि भए पश्चात् कटान शुरू गरेका छन् । उत्तरदक्षिण भएको बाँधको २ नंबर ठोकर र तीन नंबर ठोककर को विच भागको जमीन कटान गरिरहेको छ । बाँधदेखि पूर्वमा रहेको करीव ५० मीटर दुरीको जग्गा मध्ये २५ मीटर कटान गरी पच्छिम बांध नजदीक नदीको धार आउन लागेकोमा नजिकमा रहेको राजदेवी नगरपालिकाको वड़ा नंबर ६ कटरवान र वड़ा नंबर ९ ब्रह्मपुरीका स्थानीयहरू त्रसित भएका हुन् । बांधदेखि नदीको धार करीव १५ मीटरको दुरी रहेको हुदा कुन बेला नदीले बांध भत्काइदिने भनी चिन्ता भैरहेको स्थानियहरूले बताएका छन् । नदीमा पानीको बहाव तीव्र देखिएको छ ।

### कृषिमा लगानी एक मात्र विकल्प : कृषिमन्त्री

राकेश यादव, रौतहट । प्रदेश २ का कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री शैलेन्द्र कुमार साहले कृषिमा समृद्धि नभएसम्म प्रदेश २ समृद्ध प्रदेश नहुने बताएका छन् । उनले प्रदेशको बिकासका लागि व्यावसायिक कृषिमा लगानी गर्नु पर्ने जोड दिएका छन् । रौतहट जिल्लाको यमुनामाई गाउँपालिका वडा नम्बर १ जेठरहियामा आइतबार आयोजित कम्प्यूटर वितरण कार्यक्रममा सम्बोधन गर्दै विकासमा तथा शिक्षामा पछि परेका रौतहटको उन्नतिका लागि सबै राजनीतिक दलका नेताहरूलाई एकजुट भएर अगाडी बढ्नु पर्ने आव्हान गरे । संघीय सरकार प्रदेश २ लाई कमजोर बनाउन षड्यन्त्र गरिरहेकोले यसको विरूद्धमा उभिनुपर्ने आवश्यकता रहेको जिकिर गरे ।

### युवाहरू राष्ट्र निर्माणका आधार : मन्त्री बराल

रूपन्देही । सामाजिक विकास मन्त्री सुदर्शन बरालले युवाहरू राष्ट्र निर्माणको आधार भएको प्रदेश सरकार गम्भिर रहेको बताए । युवाहरूमा वेरोजगारीको समस्या विकराल भएको बताउँदै स्वदेशमै रोजागारीको व्यवस्था गर्ने नीति बनाउने बताए । युवा दिवसको अवसरमा सामाजिक विकास मन्त्रालयले आइतबार बुटवलमा आयोजना गरेको युवा सरोकार केन्द्रित अन्तरक्रिया कार्यक्रमा बरालले वैदेशिक रोजगारीमा जानेलाई रोक्न नसकिने तर रोजगारीको लागि विदेशीन बाध्य हुने परिस्थितिको अन्त्य गर्न सकिने बताए । बाध्यताले होइन रहरले वैदेशिक रोजगारीमा जाने बनाउन सकिन्छ । मन्त्री वरालले भने अहिले नेपाली युवा सस्तो मुल्यमा विदेशमा श्रम बेच्न बाध्य हुनु परेको छ ।' विदेशमा जाने युवाहरूको शिप विकासमा सरकारले ध्यान दिने बताउँदै दक्ष जनशक्ति उत्पादन गर्न सकेमा राज्यलाई नै फाइदा हुने बताए ।

### "गुरही" पर्व मनाइयो

कैलाली । पश्चिम नेपालका तराई क्षेत्रमा बसोबास गर्दै आएका थारू समुदायले परापूर्वकालदेखि मनाउँदै आएको गुरही पर्व कैलालीका थारू समुदायले सामूहिक रूपमा मनाएका छन् । खेतीपाती सकिएपछि धानबालीमा किरा नलागून् भनेर गाउँका युवतीहरू गाउँभन्दा टाढाको चोकमा गई कपडाले बनाइएका स-साना गुरही (गाइने किराको प्रतीक) असराउने (सेलाउने) चलन रहिआएको थारू कल्याणकारिणीसभाका केन्द्रीय सदस्य इन्दिरा चौधरी बताउँछिन् । उनी भन्छिन्, "गुरही गाउँबाट पर गएर सेलाउँदा धानबालीमा किरा नलाग्ने र बाली हराभरा भई सप्रिने विश्वास छ ।" यो पर्वलाई बालबालिकासँग सम्बन्धित पव मानिन्छ । गुरही सेलाउँदा साना बालबालिकामा आँखा पाक्ने, ज्वरो आउने, खटिरा आउने, बान्ता हुने जस्ता रोग निको हुने विश्वास गरिन्छ । पर्वले सामाजिक सद्भाव, आपसी मित्रता बढाउनाका साथै गाउँमा भएको दुःख, सङ्कट र विपत्ति भाग्ने गरेको जनाइएको छ ।

# डुबानको उच्च जोखिममा रहेका नदीहरू

नेपाल-भारत सीमा क्षेत्रमा डुबानको जोखिममा रहेका केही स्थानमा हालै दुई देशका अधिकारीले संयुक्त निरीक्षण गरे पनि पूर्वदेखि पश्चिमसम्म कम्तीमा सात स्थानमा डुबानको खतरा टड्कारो रहेको छ। सरकारी अधिकारीहरूका अनुसार भारतले आफ्ना गाउँबस्ती बचाउन भन्दै "एकपक्षीय रूपमा" विभिन्न संरचनाहरू बनाएकाले ती नजिकै बसोबास गर्ने मानिसहरू आफ्ना घर खेत डुबानको त्रासमा बाँच्नुपर्ने अवस्था सिर्जना भएको हो।

**खाँडो नदी, सप्तरी**

सप्तरी जिल्लाको खाँडो नदी छेउछाउ बस्ने मानिसहरूका लागि यो बर्खामा



पनि बाढी र डुबानको त्रास कायमै रहेको अधिकारीहरू बताउँछन्। उदयपुरको चुरे क्षेत्रमा उद्गमस्थल भएको त्रियुगासहित अन्य नदीनाला खाँडोमा आएर मिसिन्छन्। तर सप्तरीमा खाँडो कोसीतिर बग्दै गर्दा पानी चारैतिर फैलिने हुँदा बर्खा याममा भारतको कुनौली र नेपालको तिलाठीसहितका बस्तीमा बाढी र डुबानको खतरा बढ्छ। समथर क्षेत्रमा खाँडो नदीले वरपरका खेतहरूमा बालुवा थुपारेकोले बर्खाको भेल गाउँबस्तीमा पुग्ने गरेको छ। हालै दुई देशका जल उत्पन्न प्रकोप व्यवस्थापनको जिम्मेवारी लिएका प्राविधिकहरूको टोलीले खाँडो लगायतका डुबान जोखिम उच्च रहेका स्थानहरूको भ्रमण गरेको थियो।

तर जलस्रोत तथा सिँचाइ विभागका अधिकारीहरूका अनुसार खाँडो नदी नियन्त्रणका लागि नेपालपट्टी आवश्यक संरचना बनाउने काम शुरू भएको छ। जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सरोज पण्डित भन्छन्, 'खाँडो नदी क्षेत्रमा थप संरचना बनाउन भारतीय पक्ष पनि सक्रिय हुन आवश्यक छ।'

**रातु नदी, महोत्तरी**

सिराहाको सीमावर्ती भागमा मैनाबत्ती र गगन नदीमा जारी डुबानको समस्या हल हुने क्रममा रहेको अधिकारीहरू बताउँछन्। तर महोत्तरी जिल्लाबाट भारततर्फ बग्ने रातु नदी किनारका क्षेत्रमा पनि यो बर्खामा डुबानको खतरा कायमै रहेको अधिकारीहरू बताउँछन्। बर्खाको बेला रातु नदीको भेलले नेपालको जलेश्वर बजार र सीमा पारि भारतको भिठ्ठामोड बजारका बासिन्दालाई सताउने गरेको छ। रातु नदीको एकापट्टी मात्रै तटबन्ध निर्माणको काम पूरा भएको छ भने अर्कोतिरको काम अपूरै छ। अधिकारीहरूका अनुसार रातुको दुवैतर्फ तटबन्ध निर्माणको काम नसकिएसम्म डुबानको समस्या हल हुँदैन।

**लालबकैया, रौतहट**

महोत्तरीदेखि पश्चिमतिर रौतहट जिल्लाको सिमावर्ती क्षेत्रमा लालबकैया नदी तटमा भारतले निर्माण गरेको संरचनाका कारण नेपाली भूभाग डुबानमा पर्ने गरेको छ। लालबकैया नदीमा पानीको सतह बढेमा नेपालको बन्जाराह गाउँ र भारतको गुहाबारी क्षेत्रका गाउँबस्ती यसपाली पनि डुबानको जोखिममा पर्नसक्ने चिन्ता हटिसकेको छैन।

भारतले आफ्नो भूभागको गुहाबारी बस्ती जोगाउन रिङ्ग बन्ड (पानी छेक्ने ढिस्को जस्तो ठूलो संरचना) निर्माण गरेकोले नेपालपट्टी डुबानको समस्या बल्झिएको हो। भारततर्फ लालबकैयाको भेलको निकास खोल्ने व्यवस्था नगरेसम्म डुबानको समस्या बल्झिरहने प्राविधिकहरू बताउँछन्।

**वाग्मती, सर्लाही-रौतहट**

राजधानी काठमाण्डूको उत्तरतिर उद्गम स्थल रहेको वाग्मती नदी बग्दै गएर तराईको समथर भूभाग झर्दछ। समथर भूभागमा वाग्मती ठूलो बन्ने र फराकिलो हुने क्रम सुरू भएपछि खासगरी रौतहट र भारतीय सीमावर्ती भूभागमा डुबानको समस्या दोहोरिने गरेको छ।

भारतले आफ्नो भूभागका बस्ती जोगाउन 'एकपक्षीय रूपमा' बैरगानिया रिङ्ग बन्ड निर्माण गरिदिएकोले नेपालको भवानीपुर गाउँ र अन्य बस्तीले बर्सेनि डुबान समस्या भोग्दै आएका छन्। त्यो समस्या हल गर्न नेपालतर्फ बनाइएको तटबन्धलाई सीमापारी भारतीय भूभागसम्मै विस्तार गर्नु पर्नेमा दुवै देशका प्राविधिकहरू सहमत भए पनि त्यस दिशामा कहिले काम शुरू हुने हो प्रष्ट भइसकेको छैन।

जलस्रोत तथा सिँचाइ विभागका सिनियर डिभिजनल इन्जिनियर अरविन्दकुमार गुप्ता भन्छन्, 'द्विपक्षीय बैठकहरूमा सहमति जनाएको कुरा भारतीय पक्षले कार्यान्वयन गर्न मान्दैन। त्यसैले डुबान समस्या हल हुँदैन। उसले नमानेपछि हामीले के गर्ने? लडाइँ गर्न भएन।'

**महली सागर, कपिलवस्तु**

पश्चिममा कपिलवस्तुको सीमा पारीको भारतीय भूभागमा बनाइएको महलीसागर बाँधका कारण यसपाली पनि त्यहाँको यशोधरा गाउँपालिकाका भवानीपुर, रङ्गपुरका बस्ती तथा खेतहरूमा डुबान शुरू भइसकेका विवरण प्राप्त भएका छन्। नेपालमा जम्ने गरेको पानीको निकास खोल्नका लागि भारतीय पक्षलाई बारम्बार अनुरोध गरिएपति त्यसअनुसार काम हुन नसकेको अधिकारीहरू बताउँछन्। यसपालीको डुबान समस्या हल गर्न प्राविधिकहरूको टोली महली सागर क्षेत्रमा सक्रिय भइसकेको विभागको भनाइ छ।

**लक्ष्मणपुर, बाँके**

कपिलवस्तुदेखि पश्चिमतिर पर्ने बाँके जिल्लाको सीमावर्ती होलिया गाउँ क्षेत्रमा पनि भारतपट्टी बनाइएको लक्ष्मणपुर बराजका सहायका संरचनाका कारण डुबानको त्रास हट्न सकेको छैन। नेपाल-भारत सीमा नजिकै भारतले "एकपक्षीय रूपमा" रिङ्ग बन्ड निर्माण गरिदिएकोले बाँकेको होलिया गाउँबाट राप्ती नदीतर्फ बग्ने साना खोलाहरू थुनिएका छन्। त्यसैकारण यो बर्खामा पनि त्यो क्षेत्र कुनै पनि बेला डुबान हुनसक्ने त्रास कायमैं छ। अधिकारीहरूका अनुसार सीमा नजिकै निर्माण गरिएका संरचना भत्काउनुपर्ने नेपाली पक्षको मागको भारतले सुनुवाइ नगर्दा समस्या ज्यूँ का त्यूँ रहेको हो। त्यो संरचनामाथिबाट अहिले सडक बनिसकेको बताइन्छ।

**शारदा पूर्वी तटबन्ध, कञ्चनपुर**

नेपालको पश्चिमी सिमानाको रूपमा रहेको महाकाली नदीमा बनाइएको शारदा बराज आसपासका नेपाली बस्तीहरू पनि डुबानको समस्याबाट मुक्त छैनन्। शारदा बराजको पूर्वी तटबन्ध निर्माणको कामले पूर्णता नपाउँदा त्यहाँको खासगरी भुजेला गाउँ क्षेत्रमा यो बर्खामा पनि डुबान हुनसक्ने चिन्ता कायमै छ।

अधिकारीहरू भन्छन्, त्यहाँ डुबान हुन नदिन केही काम भए पनि ती पूरा भइसकेका छैनन्। त्यहाँ नेपाली र भारतीय पक्षले आपसमा समन्वय गरेर थप काम गर्न आवश्यक रहेको जानकारहरू बताउँछन्।

उनीहरूका अनुसार दुई देशका जलस्रोत अधिकारीहरूबीच निरन्तर संवाद र समन्वयको अभावले गर्दा डुबान समस्या हरेक बर्खामा बल्झिने क्रम नटुटेको हो।

**समाधान के ?**

सिनियर डिभिजनल इन्जिनियर अरविन्दकुमार गुप्ता चाहिँ विभागको पुनर्संरचनापछि अन्यौल उत्पन्न भएकोले अब कामहरू कसरी अघि बढ्ने हुन्




त्यसबारे आफू रनभुल्ल भएको बताउँछन्। जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग हालै जलस्रोत तथा सिँचाइ विभागमा गाभिएको हो।

नेपाल र भारतका प्राविधिकहरूको टोलीले पहिलो चरणको डुबान क्षेत्र निरीक्षण गत महिना वाग्मती किनारबाटै टुङ्ग्याएको छ। अब त्यहाँदेखि पश्चिमका डुबान जोखिम क्षेत्रमा द्विपक्षीय टोली कहिले पुग्ने हो त्यो प्रष्ट भइसकेको छैन।

जलस्रोत तथा सिँचाइ विभागमा महानिर्देशक सरोज पण्डितको भनाइमा नेपाल र भारतका प्राविधिकहरूको दोस्रो चरणको संयुक्त निरीक्षण निकट भविष्यमै गर्ने प्रयास भइरहेको छ। तर अहिले साउने झरी दर्किने क्रमसँगै बाढी र डुबानको डर नेपालभर व्याप्त छ। त्यो डर बर्खासँगै सकिने र अर्को मनसुनसँगै फर्किने क्रम जारी देखिन्छ। *बिबिसीबाट*

## संक्षिप्त समाचार

### अन्तर्राष्ट्रिय मैथिली सम्मेलन पुसमा हुने

जनकपुरधाम। सोह्रौं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन आगामी पुस ७ गतेदेखि ९ गतेसम्म जनकपुरधाममा हुने भएको छ। सम्मेलन आयोजनाका सन्दर्भमा आइतबार जनकपुरधाममा बसेको पदाधिकारीको बैठकले सो मिति निर्धारण गरेको हो। सम्मेलनका नेपाल संयोजक रामभरोस कापडी भ्रमरका अनुसार १५औं सम्मेलनबाट घोषणा गरिएअनुरूप १६औं सम्मेलन प्रदेश नं २ को राजधानी जनकपुरधाममा गर्ने निर्णय गरेको हो। बैठकले तीनदिने सम्मेलनलाई भव्यतापूर्वक सम्पन्न गर्ने निर्णय गरेको जनाइएको छ। बैठकमा सम्मेलनका अन्तर्राष्ट्रिय महासचिव डा वैद्यनाथ चौधरीको नेतृत्वमा भारतको दरभङ्गाबाट आएका प्रतिनिधिमण्डलको सहभागिता रहेको थियो।

### सडक सञ्जालले छुँदै ग्रामीण बस्तीलाई

नेपालगञ्ज। बाँके जिल्लाका गाउँ नेपालगञ्ज बजारको सडक सञ्जालसँग जोडिँदै गएपछि विकासका पूर्वाधार पनि बढ्दै गएका छन्। कूल २३ वडा रहेको नेपालगञ्ज उपमहानगरपालिकामा अहिले ९० किलोमिटर कालोपत्रे सडक र नाला निर्माण भएको छ। एशियाली विकास बैंकको सहयोगमा नेपालगञ्जमा करीब रू चार अर्बको कालोपत्रे सडक र नाला निर्माणले नजीकका गाउँबस्तीलाई नेपालगञ्जसँग नजिक्याएको छ। उपमहानगरपालिकाको एकीकृत शहरी विकास आयोजनासँगै गाउँपालिकाबाट सञ्चालन भइरहेका कालोपत्रे सडक निर्माण कार्यक्रमले पनि नेपालगञ्ज र ग्रामीण भेगको दूरी क्रमशः घट्दै गएको छ। बाँकेको ग्रामीण क्षेत्रमा अहिले पक्की सडक र पुलपुलेसा निर्माण हुन थालेपछि नयाँ उद्योग र व्यवसाय स्थापना गर्ने क्रम बढेको पाइन्छ।

### नेपाली विद्यार्थी स्वर्ण पदक प्रदान

कञ्चनपुर। कञ्चनपुरको राना थारू समुदायकी एक विद्यार्थीले भारतीय उपराष्ट्रपतिको हातबाट स्वर्ण पदक पाएकी छिन्। पुनर्वास नगरपालिका ७ की रीमा रानाले बैंग्लोरस्थित मल्लिगे कलेज अफ फार्मेसि कलेजबाट मास्टर डिग्री (एम फार्मा) विषयमा सर्बोत्कृष्ट अंक ल्याएर भारत करनाटकका प्रदेशमा प्रथम स्थान हासिल गरेकी छन्। करनाटकका प्रदेशबाट सबैभन्दा धेरै अंक ल्याएकी रीमालाई १० अगष्टमा भारतका उपराष्ट्रपति एम वेंकैया नायडुले स्वर्णपदकबाट विभूषित गरे।

### ३ हजार अबैध चल्ला बरामद

कपिलवस्तु। अबैधरूपमा भित्राउँदै गरिएका ३ हजार कुखुराका चल्ला कपिलवस्तुको कृषनगर नगरपालिका-८ मा बरामद गरिएको छ। कृष्णनगर- चन्द्रौटा सडकखण्डअन्तर्गत गणेशपुरमा ५ वटा साइकलमा ल्याइरहेको अवस्थामा प्रहरीले सो चल्ला बरामद गरेको हो। साइकल चालक भने फरार भएका छन्। चल्ला वडा अध्यक्ष नुर माहोम्मद, पशु क्वारेन्टाईन चेक पोस्टका प्रमुख डाक्टर अखिलेश्वर पाण्डेय र संचारकमीको राहोवारमा नष्ट गरिएको थियो।

### लागूऔषधसहित पक्राउ

पर्सा। पर्सा जिल्लाको बिरगञ्ज महानगरपालिका १६ स्थित भन्सार मूलगेटबाट एपीएफ टोलीले विभिन्न किसिमका लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका ५ बस्ने ३१ वर्षिय अनिल सापकोटा रहेका छन्। उनलाई सशस्त्र प्रहरी बल नेपाल गुल्म हेक्वा पर्सा नम्बर १४ गुल्मबाट सशस्त्र प्रहरी सहायक निरीक्षक कृष्णबहादुर के.सी.को कमाण्डमा खटिएको एपीएफ टोलीले पक्राउ गरेको हो। एपीएफ टोलीले जाँच गर्ने क्रममा अटो रिक्सामा सवार निज सापकोटाको साथबाट प्लाष्टिकले बेरेर राखेको अवस्थामा फेनारागन ५४ वटा, डाईजोल्याप ५३ वटा र नोफिन ५४ वटा फेला परेपछि उनलाई पक्राउ गरिएको हो। एपीएफ टोलीले पक्राउ परेका निज सापकोटालाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाएको छ।

### चोरीपैठारीको सामान बरामद

रूपन्देही। रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका १ स्थित बेलहियाबाट एपीएफ टोलीले करीव ३ लाख २४ हजार रूपैयाँ बराबरको चोरीपैठारीको विभिन्न किसिमका सामान बरामद गरेको छ। भारतबाट अवैध रूपले भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको उल्लेखति मूल्य बराबरको डिएक्सएन प्रोडक्ट्को कपडा तथा किराना सामान सशस्त्र प्रहरी बल नेपाल गुल्म हेक्वा रूपन्देही नम्बर ३८ गुल्मबाट सशस्त्र प्रहरी निरीक्षक नविन बुढाथोकीको कमाण्डमा खटिएको एपीएफ टोलीले बरामद गरेको हो। बरामद सामान एपीएफ टोलीले आवश्यक कारवाहीको लागि भन्सार कार्यालय भैरहवामा बुझाएको छ।

## वाणिज्य सन्धि पुनरावलोकन गर्न छलफल

काठमाडौं। भारतसँगको व्यापार घाटा कम गर्ने अपेक्षासहित नेपालले भारतसँग वाणिज्य सन्धि पुनरावलोकन गर्न औपचारिक छलफल गरेको छ। भारतको नयाँदिल्लीमा नेपालका तर्फबाट उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह-सचिव रविशंकर सैंजु नेतृत्वको टोलीले भारतीय समकक्षीसँग दुई दिन औपचारिक छलफल गरेको हो। उक्त बैठकमा सन्धिमा गर्नुपर्ने आवश्यक परिमार्जनका बुँदाहरू किटान गरी प्रस्ताव गरेको मन्त्रालयका सचिव चन्द्रप्रसाद घिमिरेले जानकारी दिए। बैठकमा नेपाली उत्पादनको निर्यात प्रवर्द्धन हुने खालले संरक्षण प्राप्त गर्ने गरी नेपाल पक्षले प्रस्ताव गरेको हो। त्यस्तै सन्धिमा रहेको प्रविधिक सहायताका प्रावधानहरू प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने संयन्त्र बनाउन नेपालले प्रस्ताव गरेको छ। निर्यात हुने बस्तुको गुणस्तर परीक्षण, क्वारेन्टाइनजस्ता विषयमा नेपालको प्राविधिक क्षमता विस्तार गर्ने प्रस्ताव पनि नेपाली पक्षले राखेको छ। यस्तै, सन्धि पुनरावलोकन सम्बन्धी उक्त बैठकमा भारतले लगाउने गरेको एन्टी डम्पिङ कर पनि हटाउन माग गरिएको छ। भारतीय पक्षले नेपालले राखेका मागका विषयमा थप अध्ययन गर्नेछ। त्यस्ता माग पुरा गर्दा वा नगर्दा के हुन्छ भन्ने विषयमा सम्बन्धित निकायहरूबीच भारतमा परामर्श हुनेछ। त्यसपछिमात्र नेपालले उठाएका विषयमा औपचारिक निर्णय गर्नेछ। त्यसपछिको चरणबारे छलफल गर्न आगामी अक्टोबरमा अर्को बैठक हुने तय भएको छ।

## सीमानाकामा सहायता कक्ष स्थापना हुने

काठमाडौं। चाडपर्वलाई दृष्टिगत गरी नेपाल-भारत प्रमुख सिमाना नाकामा सहायता कक्ष स्थापना गरिने भएको छ। भारतको राजधानी नयाँदिल्लीमा सम्पन्न सशस्त्र प्रहरी बल र सीमा सुरक्षा बलको तेस्रो समन्वय बैठकमा दुवै देशका सुरक्षा निकायले सिमानामा त्यस्ता सहायता कक्ष स्थापना गर्न सहमति जनाएका हुन्। हातहतियार, लागू औषध ओसारपसार तथा सीमापार आपराधिक गतिविधि नियन्त्रणका निम्ति दुवै सुरक्षा बलले संयुक्त रूपमा गस्ती गर्न र जनमैत्री व्यवहारका निम्ति सुरक्षा कर्मचारीलाई तालीमको व्यवस्था गर्न पनि दुवै देश सहमत भएका परराष्ट्र मन्त्रालयले जनाएको छ। उच्च नेतृत्व र कार्यक्षेत्रमा खटिएका अधिकारीबीच नियमित छलफल तथा अनुगमन गर्न पनि दुवै देशका सुरक्षा बल सहमत भएका छन्। चौथो परामर्श बैठक अर्को वर्ष नेपालमा हुनेछ।

## एसएसबीलाई तालिम दिने प्रस्ताव

काठमाडौं। भारतीय अर्ध सैनिक बल सशस्त्र सीमा बल (एसएसबी) का अधिकारीलाई उच्च तहको तालिम दिन नेपालले प्रस्ताव गरेको छ। सशस्त्र प्रहरी बल नेपालले एएसबीका अधिकारीहरूलाई स्टाफ कलेज तालिम दिन प्रस्ताव गरेको हो। भारतको नयाँ दिल्लीमा हालै भएको 'थर्ड कोअर्डीनेशन मिटिङ'मा महानिरीक्षक शैलेन्द्र खनालले समकक्षी एसएसबीका महानिर्देशक रजनीकान्त मिश्रालाई औपचारिक प्रस्ताव गरेका हुन्। भारत सरकारले स्विकृति दिएमा आउँदो वर्षदेखी बलको स्टाफ कलेजबाट भारतीय सुरक्षा अधिकारी समेत दिक्षान्त हुनेछन्। एसएसबीमा हालसम्म बलका ६९ सुरक्षाकर्मीले तालिम लिएका छन्। नेपाली सुरक्षा अधिकारी भारत गएजस्तै भारतीय सुरक्षा अधिकारी नेपाल आएर तालिम तथा अध्ययनगर्ने वातावरण बनाउन पहल सुरू भएको हो। नेपाली सेनाले मात्र हालसम्म विदेशी सैनिकलाई स्टाफ कलेज तालिम दिदै आएको छ।



# आफ्नै मृत्यु दर्ताको प्रमाणपत्र बोकेर न्याय माग्दै

**गोपालप्रसाद बराल**

महोत्तरी । "हजुर ! हम बर्बाद भगेलौं, जिन्दे मे मरल ।" (हजुर, म बर्बाद भएँ, जिउँदै मरेको) महोत्तरी जिल्लाको औरही नगरपालिका-६ खोपी बैरियाका ५९ वर्षीय रामसेवकराय यादव अचेल जसलाई भेट्दा पनि यस्तै बिलौना गर्छन् । आफ्नो हातमा आफ्नै मृत्यु दर्ताको प्रमाणपत्र बोकेर न्यायका लागि विभिन्न कार्यालय धाउने यादव आफन्त, छिमेकी, कार्यालयका कर्मचारी, राजनीतिक तथा सामाजिक क्षेत्रका प्रतिनिधिलाई मात्र नभएर अपरिचित मानिस देख्नासाथ आफ्नो बिलौना सुनाउन बिराउँदैनन् ।

"हजुर, कत्त नई गेली ? सिडियो साब, नेता, प्रधान (आफ्नो स्थानीय तहका प्रतिनिधि) आ प्रहरी सब्के कहिक थाइक गेली' (हजुर, कहाँ गइन ? सिडियो साब, नेता, नगर प्रमुख र प्रहरी सबैलाई भनेर थाकिसकेँ) यादवले आफ्नो मृत्यु दर्ताको प्रमाणपत्र देखाउँदै सञ्चारकर्मीसँग भने, "मुदा, हम जिन्दा आ ब्रीके मरल प्रमाणपत्र कोई नई सकाइर देलक" ( तर म जिउँदो मान्छेको मरेको प्रमाणपत्र कसैले पनि सच्याइ दिएनन् ) ।

किशोरावस्थामै मातृवियोग भएपछि २०४८ सालमा घरमा पत्नीलाई छाडेर कमाउन भारतको पञ्जाव गएका उनी लामो समयसम्म नफर्केपछि पत्नीले अन्तै घरजम गरिन् ।

यादवकी आमा मरिसकेकी र पत्नी अन्तै हिँडेपछि उनी पञ्जावतिरै रहेका बेला सौतेनी आमा शकुन्तीदेवी र सौतेलो भाइ रामपुकारको दवावमा बाबु रामवृक्षले २०६८ साल जेठ १ गते आफैं सूचक भएर रामसेवकको मृत्युदर्ता गर्नाका साथै उनका नाउँको जग्गा नामसारी गरेर बेचेका थिए । रामसेवकको २०६७ साल कात्तिक १४ गते मृत्यु भएको भनी त्यतिबेलाका खोपी गाविसका पञ्जिकाधिकारी (गाविस सचिव) गोपाल पाठकको हस्ताक्षर रहेको मृत्यु दर्ता प्रमाणपत्रमा उल्लेख छ ।

आमा कौशिल्यादेवी जीवित छँदै उनले आफ्नो नाउँमा रहेको बर्दिवास-जलेश्वर सडक छेउको १० कट्ठा र आफ्नै बस्तीको पाँच कट्ठा घडेरी रामसेवकको नाउँमा दर्ता गरिदिएका थिए । करोडौं मूल्यको सोही जग्गाको लोभमा परेर सौतेनी आमा शकुन्ती र भाइ रामपुकारले दवाव दिएर बाबुलाई मृत्युदर्ता गर्न लगाएको अहिले थाहा भएको छिमेकी रामप्रसाद रायले बताए । एक वर्षअघि घर आएको आफूलाई सौतेनी आमा र भाइले नचिन्ने बताएपछि रामसेवक अहिले बिलखबन्दमा परेका छन् ।

"बाबु देहान्त भगेल, माय आ भाइ नई चिनल बतौलक (बाबु मरिहाले, सौतेनी आमा र भाइले नचिन्ने बताए)। " आँखाको आँशु पुछ्दै रामसेवकले भने, "कि करू ? घर अछैत अखैन मन्दिर में रहिक गामघर टहलैत खाए परैय" ( के गरौं ? घर हुँदै बेघर भएर मन्दिरमा आश्रय लिएको छु, गाउँ चहारेर खाँदैछु ।)"

उनले आफ्नो मृत्युदर्ता बदर गर्न जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए पनि कार्यालयले व्यक्तिगत घटना दर्ता सङ्घीय मामिला मन्त्रालयको पञ्जीकरण विभागसँग जोडिएकाले जिल्लामा स्थानीय विकास अधिकारीसँगको समन्वयबाट समस्या निराकरण हुने जनाएको छ । "प्रपञ्च रचेर जिउँदो मान्छे मरेको घटना दर्ता गर्ने गराउने कार्वाहीमा पर्छन्", प्रजिअ उमेशकुमार ढकालले सञ्चारकर्मीको जिज्ञासामा भने, "यहाँ (जिल्ला)का स्थानीय विकास अधिकारी कामविशेषले बाहिर हुनुहुन्छ, उहाँ फर्केपछि यथार्थ बुझेर सच्याइनेछ ।"

जिउँदो मान्छेको मृत्यु दर्ता गर्ने गराउनेविरूद्ध जिल्ला अदालतमा मृत्यु दर्ता खारेजीसँगै जालसाँजी मुद्दा दायर गर्न र अंश कायमको मुद्दा चलाउन सकिने यहाँका कानून व्यवसायीले बताए । पहिलो चरणमा जिउँदो मान्छेको मृत्यु दर्ता गर्ने निकायलाई नै बदर गर्ने अधिकार रहेको अधिवक्ता उद्धव क्षत्रीले जानकारी दिए । यसअघि उक्त नगरपालिका-६ वडा कार्यालयले रामसेवकको मृत्यु दर्ता खारेजीका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन इन्कार गरेको पीडित रामसेवकको भनाइलाई उद्धृत गर्दै अधिवक्ता क्षत्रीले स्पष्ट पारे ।

जिप्रका र कानून व्यवसायीले कानूनी उपचारको बाटो बताए पनि पैसा नभई कुनै काम अघि नबढ्ने गुनासो गर्दै पीडितले भने, "मन्दिरमा बसेको छु, खाने पिउने ठेगान छैन । एक वर्षदेखि कैयौं ठाउँ धाइसक्दा पनि इन्साफ नपाउँदा मन मर्दै गएको छ । " नगरपालिका प्रमुख सुनिलकुमार यादवले आफूमा यस्तो गुनासो लिखित वा मौखिक कसैले नगरेकाले सोबारे केही थाहा नभएको बताए ।

# बुटवल उपमहानगरपालिकामै घर नक्शाको सेवा

-भरत केसी

बुटवल, २९ साउन (रासस) : तपाईं बुटवलमा घर बनाउँदै हुनुहुन्छ ? घर बनाउन नक्शा डिजाइनका लागि प्रविधिज्ञको खोजीमा हुनुहुन्छ ? अब यसका लागि कुनै झण्झट नउठाउनुस् । तपाईंलाई यसको सेवा बुटवल उपमहानगरपालिकाले आफैं प्रदान गर्ने भएको छ ।

बुटवल उपमहानगरपालिकाले नगरभित्र घर बनाउने नगरवासीलाई घर निर्माणका लागि चाहिने नक्शा न्यूनतम शुल्क लिएर आफैं बनाइदिने कार्यक्रम अघि सारेपछि नगरवासीलाई सुविधा पुग्ने भएको हो । अब नगरवासीलाई नक्शाको कामका लागि अनावश्यक रकम खर्चिनुपर्ने र भरपर्दो प्रविधिक खोज्नुपर्ने झण्झट हुने छैन ।

बुटवल उपमहानगरको आर्थिक वर्ष २०७५/७६ को नगर कार्यपालिकाले नगरभित्र निर्माण गरिने भुइँतलामा एक हजार वर्गफिट क्षेत्रफल ओगटेका घरका लागि तीन तलासम्मको नक्शा न्यूनतम शुल्क लिएर तोकेको प्रविधिज्ञले बनाइदिने निर्णय गरेको हो । यस किसिमको सेवा प्रदान गरेपछि तोकिएको मापदण्डअनुसार घर बन्ने आशा उपमहानगरपालिकाले राखेको छ । यस्तो कदमले नगरपालिकामा नक्शा स्वीकृति दिँदा कुनै समस्या नआउने बुटवल उपमहानगरपालिकाका योजना प्रमुख इन्जिनीयर सुमन श्रेष्ठ बताउनुहुन्छ ।

बुटवल उपमहानगरपालिकाले अगाडि सारेको यो कार्यक्रम मुताविक आजदेखि सेवा लिन चाहने नगरवासीका लागि सार्वजनिक आह्वान गरिएको छ । नगरपालिकाले नक्शा डिजाइन बापत भुइँ तलाका लागि रू ५ हजार र सो भन्दा माथि थप रू ३ हजार शुल्क तोकेको छ । नक्शा डिजाइनका लागि निजी प्रविधिज्ञले नगरपालिकाले तोकेको भन्दा तीन गुणा बढी शुल्क लिने गरेका छन् ।

उपमहानगरपालिकाले सार्वजनिक सूचनामार्फत नगरका जनतालाई सुविधा दिन एमआरटि परिधिभित्र रहेका घरको नक्शा डिजाइन गरी पेश गर्ने तथा घरको प्राविधिक निरीक्षणसम्मका सम्पूर्ण कामहरू उपमहानगरपालिका आफैंले गरिदिने गरी डेस्क सञ्चालन भएकाले सर्वसुलभ र गुणस्तरीय सेवा लिन इच्छुक नगरवासीलाई आह्वान गरेको छ ।

सेवाग्राहीले नक्शाको कामका लागि ब्यहोर्नु परेको झण्झट र अन्योलको अन्त्य गर्न यस खालको कार्यक्रम शुरू गरिएको बुटवल उपमहानगरपालिकाका प्रवक्ता रामप्रसाद रेग्मी बताउँछन् । उनले उपमहानगरपालिकाले अगाडि सारेको यो कार्यक्रमबाट जनताले घरको नक्शा डिजाइनका लागि सर्वसुलभ तथा गुणस्तरीय सेवा समयभित्रै पाउने दावी गरे । उपमहानगरपालिकाले प्राविधिक जनशक्ति करारमा राखेर सेवा प्रदान गर्ने भएकाले नगरवासीले घर नक्शा बनाउन ब्यहोर्नु परेको एकाधिकार तोडिने समेत नगर प्रवक्ता रेग्मी बताए ।

बुटवल उपमहानगरपालिकामा पछिल्लो समयमा घर निर्माणको काम निक्कै बढ्दो छ । नगरभित्र वार्षिक रूपमा झण्डै १ हजार ५०० भन्दा बढी घर निर्माण हुने गरेको तथ्याँक छ । उपमहानगरपालिकाले अगाडि सारेको यो योजनाले नगरभित्र घर निर्माण गर्ने अधिकांश नगरवासी लाभान्वित हुने उनी बताउँछन् ।

बुटवल उपमहानगरपालिकाको यस किसिमको कार्यक्रमले नगर क्षेत्रमा निर्माण हुने घरको गुणस्तरीयता मापनमा एकरूपता आउने र जनतालाई घर नक्शा निर्माणदेखि घर निर्माणसम्मको सम्पूर्ण प्रक्रिया नै सस्तो हुने योजनाविद् तथा प्रदेश ५ प्रादेशिक योजना आयोगका उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठ बताउँछन् । घर नक्शा निर्माणदेखि स्वीकृत गर्नेसम्मका प्रक्रियामा कार्यालयले समेत सेवाग्राहीको एउटै कामका लागि पटक पटक मूल्याँकन गर्नुपर्ने परिपाटीको अन्त्य हुने भएकाले यो कार्यक्रम प्रभावकारी हुने उनको विश्लेषण छ ।

नगरपालिकाले सार्वजनिक गरेको सूचना मुताविक सेवाग्राहीले घर नक्शा निर्माणका लागि जग्गाधनी पुर्जा, राजीनामा, चालु आर्थिक वर्षको सम्पत्ति कर तिरेको रसिद, नेपाली नागरिकताको प्रतिलिपी, नापी नक्शा, फाइल नक्शा, घर धनीको फोटो र चारकिल्ला विवरणलगायतका कागजातसहित आवेदन गर्नुपर्ने छ ।

# आत्मनिर्भरताको बाटोमा प्रदेश नं ७

- प्रकाश सिलवाल

धनगढी । अघिल्लो आर्थिक वर्षको पूरक बजेटका लागि जिल्लागत प्रस्ताव माग्दा डेढ सयवटा मन्दिर बनाउने प्रस्ताव आएको थियो । प्रदेश नं ७ को सरकारले त्यसका लागि रकम विनियोजन गरेन । यस्ता कार्यक्रमले प्रदेशमा उत्पादकत्व नबढाउने भएकाले रकम विनियोजन नगर्ने बरू अध्ययन अनुसन्धानमा अनुदान दिने सूत्र प्रदेश सरकारले लगायो ।

प्रदेश नं ७ का आर्थिक मामिला तथा योजनामन्त्री झपटसिंह बोहरा स्वयं अर्थशास्त्री, पूर्वबैंकर र पूर्वसञ्चार उद्यमी छन् । उनको प्राथमिकता उत्पादकत्व वृद्धि हुने र जनताको दैनिक जीवनसँग गाँसिएका क्षेत्रमा मात्रै लगानी गराउनेमा छ ।

अघिल्लो वर्ष प्रदेश सरकारले कृषि अनुदानका लागि राखेको रू सात करोड ५० लाख खर्च नभई फिर्ता भएको थियो । छोटो समयमा पहाडी र विकट जिल्लामा उक्त अनुदान वितरणका लागि सर्वेक्षण गर्न नभ्याइएका कारण खर्च हुन नसकेको हो । अनुदानका लागि बोलपत्र आह्वान गर्नसमेत समय अपुग भएको थियो ।

लगानीको प्रभावकारिता र त्यसलाई खर्च गर्न सक्ने स्थितिको अवस्था बुझेर मात्र बजेट राख्ने र विनियोजित रकम तोकिएको समयमा सही ढङ्गले खर्च होस् भन्ने सोचका साथ आर्थिक मामिलामन्त्री बोहराले पूरक बजेटमा अधिकांश रकम अध्ययन, अनुसन्धान र अनुदानकेन्द्रित गरेका थिए । अछामबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का तर्फबाट प्रदेशसभामा निर्वाचित मन्त्री बोहरा प्रदेशमा बैंक सेवा सञ्चालनका अगुवासमेत हुन् ।

अन्य प्रदेशका सरकारले संघीय सरकारले समानीकरण अनुदानमा आफूहरूलाई कुल नौ प्रतिशत रकम मात्र दिएको र पर्याप्त स्रोत साधन नभएको गुनासो गरिरहेका बेला प्रदेश नं ७ का आर्थिक मामिलामन्त्री बोहरा त्यस्तो गुनासो गर्ने पक्षमा छैनन् । "हामीसँग जे स्रोत साधन छ, त्यसको राम्रो उपयोग गरेर विकासको विकल्प दिउँ, त्यसपछि केन्द्रसँग छलफलमा जाउँला," धनगढीस्थित निजी निवासमा मन्त्री बोहराले रासससँग भने, "हाम्रो प्रदेशमा जलविद्युत्मा भएको ३३ हजार मेगावाटको क्षमता उपयोग गरेर हामी यसलाई विकसित गर्न चाहन्छौं ।"

नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार प्रदेश नं ७ को मुलुकको कुल ग्राहस्थ उत्पादनमा ६ दशमलव ३७ प्रतिशत योगदान रहेको छ । यस प्रदेशले देशको राजश्व सङ्कलनमा एक दशमलव दुई तथा सरकारी खर्चतर्फ ६ दशमलव ९ प्रतिशत हिस्सा लिएको देखिन्छ । राष्ट्रिय योजना आयोगको नेपालको बहुआयामिक गरिबी सूचक २०१८ अनुसार प्रदेश नं ७ को बहुआयामिक गरिबी सूचक शून्य दशमलव १४६ र गरिबीको रेखामुनी रहेको जनसङ्ख्या ३३ दशमलव ५६ प्रतिशत छ।



## स्थानीय सम्वाद

# बजेट खर्च पारदर्शी छ



**भरत साह**

**अध्यक्ष, गौर नगरपालिका, वडा नं. १**

**० गएको आर्थिक वर्ष २०७४।२०७५ मा वडामा कति बजेट विकास निर्माणमा खर्च गर्नु भयो ?**

– गएको आर्थिक वर्षमा वडाको विकास निर्माणको कार्यमा ८६ लाख रूपैयाँ खर्च भएको छ । वड़ा स्तरमा भएको भेलाबाट छनौट गरिको योजना मध्ये प्राथमिकतामा परेका सड़कको निर्माण, मुस्लिम समुदायको मदरसा मर्मत, विद्युतको पोलहरूमा सड़कवती जडान, विद्यालयको अवस्था सुधार, स्वास्थ्यको क्षेत्रमा सवैको सहयोगमा पारदर्शी रूपमा खर्च गरिएको छ ।

**० जनप्रतिनिधि भईसकेपछि कस्तो महसूस भइरहेको छ ?**

– सामाजिक सेवामा रहेको बेला जनताको लागि काम गर्दै आएको क्रममा निर्वाचन हुँदा तत्कालीन मधेशी जनाधिकार फोरम लोकतान्त्रिकबाट आफ्नो वड़ाका जनताको सल्लाह अनुसार उठेकोमा सेवाको मौका दिएका वड़ाबासीप्रति आभार व्यक्त गर्न चाहन्छु । जनप्रतिनिधिको रूपमा निर्वाचित भएकोमा हर्षित पनि छु । साथै काम काज गर्न धेरै चुनौतीको सामना गरिरहनु परेको छ । राजनीतिक कारणले गर्नु चाहेको कार्यमा सहमतिको खाँचो रहेकोले गर्हो महसूस भैरहेको छ । १५ वर्षको जनप्रतिनिधि विहीनताले अहिले पनि असर परिरहेको अनुभव भइरहेको छ । आफु गर्न नचाहने र अरूले गर्न खोज्दा अनेक किसिमको बाधा अवरोध उत्पन्न गर्नुको साथै विभिन्न किसिमको आरोप प्रत्यारोपले गर्दा विकासको कार्यमा चुनौती थपिदै गएको छ ।

**० तपाइको वड़ामा के कस्ता समस्याहरू रहेका छन् ?**

– नेपाल भरतको सीमासँग जोडिएको मेरो वड़ा रहेको छ । दलित समुदाय, मुस्लिम समुदायको साथै विभिन्न जातजाति, वर्ग, लिंग धर्मको व्यक्तिको बसोबास भएको वडामा पूर्वाधार सडक, नालाको बढी समस्या रहेको छ । शिक्षा, स्वास्थ्यको साथै सामाजिक विकासको मूलभूत समस्याको रूपमा रहेको छ । स्थानीयहरूले समाजमा रहेको समस्यालाई कसरी समाधान गर्ने विषयमा जनचेतनाको आभाव देखिएको छ । अशिक्षित परिवारले गर्ने कार्यलाई शिक्षित परिवारले न्यूनीकरण गर्ने तर्फमा सुझाव नदिई मौन बस्ने र त्यसलाई राजनीतिक मुद्दा बनाएर अगाडी बढ्ने प्रबृतिले कुनै न कुनै रूपमा असर परिरहेको छ ।

**० चालू आर्थिक वर्षमा वड़ाका लागि के कस्ता नीति, योजना बनाउनु भएको छ ?**

– गत वर्षदेखि नि:शुल्क रूपमा वडा कार्यालयबाट बालिकाहरूका लागि सञ्चालन गरिएको कम्प्यूटर तालीम यस वर्ष पनि निरन्तरता पाउने छन् । वड़ाको सडकको स्तर उन्नति गरिनुको साथै विस्तार गरिने, नाला निर्माण गरिने, शिव मन्दिर बनाउने, दलित, मुस्लिम समुदायको बाल बालिकालाई शिक्षामा पहुँच सुनिश्चितता गर्नुको साथै स्तरीय शिक्षा प्रदान गर्नकोलाई विशेष सहयोग गर्ने, स्वास्थ्यका लागि दक्ष चिकित्सक व्यवस्था गरी सुलभ रूपमा स्वास्थ्य सेवा प्रवाह गराउने, पर्यटकीय क्षेत्रको विकास गर्नुको साथै बेटी पढ़ाउ बेटी बचाऊ अभियानको सफलताको लागि सहयोग गर्ने, बालबालिका, जेष्ठ नागरिक, महिला, दलित, मुस्लिम, सिमान्तकृत वर्ग, अपांग, जेष्ठ नागरिक तथा बेरोजगार युवा, महिला, युवतीलाई आर्थिक अवस्था मजबूत बनाउनलाई शिप विकासलाई शिपमूलक कार्यक्रम सञ्चालन गर्ने नीति योजना बनाएको छु ।

**० तपाइँको विचारमा गौर नगरपालिकाले गएको आर्थिक वर्षमा कस्तो कार्य गरेको छ ?**

– गौर नगरपालिकाले गत आर्थिक वर्षमा राम्रो कार्य गरेको छ । नगरपालिकाको कार्यले पूर्ण रूपमा सन्तुस्ट छु । विगतको जनप्रतिनिधि विहीनताको अवस्थामा लथालिंग भएको व्यवस्था जनप्रतिनिधि आइसके पछि सुधार गर्दै अघि बढिरहेको क्रममा प्रशासनिक सुधार स्रोत साधनको आभावलाई पूर्ति गर्दै नगरपालिकाले विगतको तुलनामा राम्रो कार्य गरेको छ । गौर नगरपालिकाको विकासमा नगरप्रमुख अजय कुमार गुप्ताले राम्रो कार्य गर्नु भएको छ । नगरपालिकाका लागि मेयर गुप्ता विकास पुरूषको रूपमा रहेका छन् । गौरको सुन्दर स्वच्छ बनाउने लक्ष्य लिएर अगाडी बढिरहेको मेयर गुप्ताको सोच, कार्य गर्ने नीति चुस्तदुरूस्त रहेको छ । नि:स्वार्थ भावले विकास प्रति ध्यान केन्द्रित गरेको मेयर र उपमेयरलाइ बदनाम गर्ने षड्यन्त्र समेत भैरहेको छ । कार्य गर्नेलाइ सहयोग गर्नुको साटो भ्रमित गरेर उद्देश्य पूर्ति गर्नुबाट बंचित गर्ने कार्य बढी भैरहेको देखिएको छ । गौर राईस मिलको जग्गा अधिग्रहण गर्नु मुख्य चुनौती भएकोले त्यसलाई जसरी भएपनि अधिग्रहण गरी जनताका लागि बनाउने हामी सबैको साझा संकल्प रहेको छ ।

**० अन्तमा तपाई आफ्नो नगरबासी र वडाबासीलाइ के भन्न चाहनु हुन्छ ?**

– गौर नगरपालिकाका हाम्रा आदरणीय नगरवासी र वड़ाबासीहरूलाई नगरको विकासको कार्यमा सहयोग गर्न आग्रह गर्दछु । सरकारले दिएको बजेटको पारदर्शी रूपमा सवै सहभागितामा खर्च गरिने छ । विकासको विषयमा बाधा अवरोध नगरी सहयोग गर्नु पर्छ हामी जनताको सेवक भएर जनताको हक़हितमा काम गर्ने प्रतिवद्धता गर्दछु र आगामी दिनमा सवैको सहयोगको अपेक्षा गरेको छु । ***प्रस्तुती : राकेश यादव***

# ब्रिटानियाले नेपालमा पनि लगानी गर्ने

काठमाडौं । भारतको खाद्य उत्पादक कम्पनी ब्रिटानिया इन्डस्ट्रिज लिमिटेडले नेपालमा पनि लगानी गर्ने भएको छ । भारतका अग्रणी कम्पनीमध्ये एक ब्रिटानियाले आफ्नो स्थापनाको सय वर्ष पुगेको अवसरमा यस्तो घोषणा गरेको हो। इन्डस्ट्रिजका अन्तर्राष्ट्रिय व्यापार उपाध्यक्ष अनिन्द्रय दत्तले एक कार्यक्रमका बीच नेपालमा लगानीको प्रक्रिया सुरू भइसकेको जानकारी दिए । सन् १९१८ मा स्थापना भएको ब्रिटानियाले आगामी एक वर्ष भित्र नेपालमा पनि आफ्नो उत्पादन सुरू गर्ने जनाएको छ । सय वर्ष पुरानो विरासत भएको ब्रिटानियाको उपस्थिति विश्वका ६० भन्दा बढी देशमा छ । यसले उत्पादन गर्दै आएका ब्रान्डहरू गुड डे, टाइगर, न्युट्रिच्वाइस, मिल्क विकिस र मारी गोल्ड लोकप्रिय छन् । ब्रिटानियाका उद्योग युएई र ओमानमा पनि छन्। युएईमा दोस्रो ठूलो र अन्य खाडी देशहरूमा पनि ब्रिटानियाको उपस्थिति उस्तै छ । भविष्यमा ब्रिटानियाले अफ्रिका र दक्षिण पुर्व एशियामा स्थानीय उत्पादन गर्ने लक्ष्य लिएको छ । ब्रिटानियाले आफ्नो प्रमुख ब्रान्ड गुड डे को टेलिभिजन विज्ञापनमा चर्चित नेपाली नायिका प्रियंका कार्कीलाइ ब्रान्ड दूतको रूपमा प्रस्तुत गरेको छ ।

# भारतले स्वतन्त्रता दिवस मनायो





काठमाडौं । काठमाडौंस्थित भारतीय दूतावासमा भारतको ७२औं स्वतन्त्रता दिवस मनाइएको छ । सो दिवसको शुभारम्भ नेपालका लागि भारतका राजदूत मंजिव सिंह पुरीले भारतको राष्ट्रिय ध्वजा फहराएसँगै भएको थियो । त्यसपछि राजदूत पुरीले भारतका राष्ट्रपतिको सन्देश पढेर सुनाएका थिए । सो सन्देशमा भारतले गएको ७१ वर्षमा विभिन्न क्षेत्रहरूमा प्राप्त गरेको उपलब्धीहरूको उल्लेख गरिएको थियो । राजदूतद्वारा १ वीर नारी, ७ एकल महिला, ३ मृत सैनिकको निकटतम नातेदार र १ भूतपूर्व अपाङ्ग भारतीय सेनालाई नेरू ५.३५ करोड नगद तथा कम्बल वितरण गरी सम्मान गरिएको थियो ।

दूतावासले ६८ वटा पुस्तकालय तथा नेपालका सबै प्रदेशमा फैलिएका शैक्षिक संस्थाहरूलाई ने रू १७ लाख बराबरको पुस्तक वितरण गरेको छ । दूतावासले विभिन्न अस्पताल, गैरनाफामूलक परोपकार संस्था तथा शैक्षिक संस्थाहरूलाई ३० वटा एम्बुलेन्स र ६ वटा बसहरूसमेत उपलब्ध गराएको हो ।

यसले भारत सरकारको नेपालको सामाजिक-साँस्कृतिक विकास तर्फको यात्रामा नेपालसँग साझेदारी गर्ने प्रतिबद्धता प्रमाणित गरेको दूतावासले जनाएको छ ।

भारत सरकारले नेपालका ७७ जिल्लाका विभिन्न अस्पताल, गैरनाफामुलक परोपकार संस्था तथा शैक्षिक संस्थाहरूलाई हालसम्म ६९२ ओटा एम्बुलेन्स र १३६ ओटा बस उपहार स्वरूप प्रदान गरिसकेको छ जसले हजारौं नेपाली जनताहरूलाई स्वास्थ्य सेवामा पहुँच विस्तार गर्नुका साथै हजारौं विद्यार्थीहरूका शैक्षिक आवश्यकताको पूर्ति गरेको छ ।

भारतको ७२औं स्वतन्त्रता दिवसको अवसरमा आयोजित समारोहमा दूतावासका कर्मचारीहरू र उनीहरूका परिवार लगायत नेपालमा रहेका भारतीय समुदाय र अन्य मित्रहरूको सहभागिता रहेको थियो ।

उक्त समारोहमा भारतीय साँस्कृतिक केन्द्र, केन्द्रीय विद्यालय र मोर्डन इन्डियन स्कुलका विद्यार्थीहरूले देशभक्तीपूर्ण गीतहरू पनि गाएका थिए । नेपाली सेनाको ब्याण्डको मधुर प्रस्तुती सँगै सो समारोहको समापन भएको थियो ।

# "रेलमार्ग उच्च प्राथमिकतामा"



काठमाडौं । वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत बिसी प्रधानले भारत सरकारले वीरगञ्ज काठमाडौं रेल मार्ग निर्माण परियोजनालाई उच्च प्राथमिकतामा राखेको बताएका छन् । भारतको ७२ औं स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासमा आयोजित पत्रकार सम्मेलनमा उनले वीरगञ्ज काठमाडौं रेल मार्ग निर्माण उच्च प्राथमिकता रहेको बताए । 'भारत सरकारले वीरगञ्ज काठमाडौं रेल मार्ग निर्माण परियोजनालाई आफ्नो उच्च प्राथमिकता सूचीमा राखेको छ,' उनले भने, 'अनुमानित १ सय १३ किलोमिटर लामो यो रेल मार्ग निर्माणको सम्झौता पनि छिट्टै हुनेमा म आशावादी छु ।' यस बाहेक जयनगर-जनकपुर-बर्दिबास रेल्वे, जयनगर-कुर्था रेल लाइन निर्माणको काम अन्तिम चरणमा रहेको उनले जानकारी दिए । जोगबनी-विराटनगर, बथनाहा-विराटनगर रेल मार्ग निर्माणको काममा पनि उत्साहजनक प्रगति भएको उनले बताए । यसका साथै भारत सरकारले नेपालगन्ज रोड - नेपालगञ्ज र न्यु जलपाईगुडी - काँकडभित्ता रेल मार्ग निर्माणको काम पनि अघि बढाउने योजना बनाएको छ ।

# ओली र मोदीले धर्मशाला उदघाटन गर्ने



काठमाडौं । पशुपतिनाथ मन्दिर परिसरमा ४०० बेडको धर्मशाला तयार भएको छ । यसको आगामी भदौ १५ गते प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गर्ने कार्यक्रम छ । भारतीय प्रधानमन्त्री मोदी भदौ १४ र १५ मा काठमाडौंमा हुने बिमस्टेक सम्मेलनमा सहभागी हुन नेपाल आउनेछन् । नेपालका लागि भारतीय राजदूत मञ्जिव सिंह पुरीका अनुसार प्रधानमन्त्री मोदी नेपाल आउँदा पशुपति धर्मशाला उद्घाट्न गर्ने कार्यक्रम छ । कोषका सदस्य सचिव प्रदीप ढकालका अनुसार साढे २ तलाको धर्मशाला निर्माण सम्पन्न भइरहेको छ । यसमा ८२ वटा कोटा छन्, जसमा कुल ४०० बेड छन् । धर्मशाला उद्घाटन गर्नुअघि नै सञ्चालन मोडालिटी बनाउने पशुपति विकास कोषको योजना छ । धर्मशाला भारतीय सहयोगमा बनेको हो ।

# हुलाकी राजमार्ग आयोजना निर्माणका लागि भारतीय सहयोग



काठमाडौं । हुलाकी राजमार्ग आयोजना निर्माणका लागि भारत सरकारले ४७० मिलियन नेपाली रूपैयाँ प्रदान गरेको छ । नेपालका लागि भारतीय राजदूत मञ्जिव सिंह पुरीले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव मधुसुदन अधिकारीलाई मंगलबार सिंहदरबारमा सो मूल्यबराबरको चेक हस्तान्तरण गरेका छन् ।

उक्त रकम हुलाकी राजमार्ग आयोजना अन्तर्गतका १४ ओटा निर्माणधिन सडकहरूका लागि आवश्यक कोषको तरलता कायम गर्नका लागि प्रदान गरिएको भारतीय राजदूतावासले जनाएको छ ।

यससँगै भारत सरकारले नेपाल सरकारलाई हुलाकी राजमार्ग आयोजनाका १४ ओटा सडकहरू अन्तर्गत प्याकेज २-६ को पहिलो चरणको निर्माण कार्यका लागि नेरू ८ विलियन अनुदान प्रदान गर्ने प्रतिबद्धता अनुरूप नेरू २.३५ विलियन प्रदान गरिसकेको छ ।

प्याकेज १ अन्तर्गतका दुइ सडकहरू (क) धनगढी-भजनीया-सत्ती सडक र (ख) लम्की-टिकापुर-खक्रौला सडकको निर्माण कार्य भारत सरकारको नेरू १.०२ विलियन अनुदान मार्फत सम्पन्न भइसकेको छ । यी सडकहरूको भाद्र ३, २०७४ मा उद्घाटन भएको थियो ।

सन् १९५० देखि भारत सरकारले बहुक्षेत्रीय र बहुमुखी भारत-नेपाल आर्थिक सहकार्य कार्यक्रम अन्तर्गत नेपालमा राजमार्ग, सडक, पुल, विमानस्थल लगायतका पूर्वाधारहरूको विकासका लागि सहयोग गर्दै आइरहेको छ ।

# भारतीय प्रमको चौथो नेपाल भ्रमणबाट सम्बन्ध फराकिलो हुने विश्वास

काठमाडौं । नेपालका लागि भारतीय राजदूत मञ्जीवसिँह पुरीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चौथो पटक हुन लागेको नेपाल भ्रमणबाट भारत-नेपालबीचको सहयोगात्मक सम्बन्ध थप फराकिलो हुने विश्वास व्यक्त गरेका छन् । उनले नेपालको गण्डकदेखि भारतको गङ्गासम्म तथा नेपालमा रेल्वे अघि बढाउनेजस्ता क्षेत्रमा दुवै मुलुकबीच सहकार्य हुन सक्ने बताए । एकीकृत राप्रपा(राष्ट्रवादी)का अध्यक्ष डा प्रकाशचन्द्र लोहनीले भारत स्वतन्त्र भएको ठीक ७० वर्षका अवधिमा आर्थिक विकासमा ठूलो प्रगति गरेको बताए । उनले नेपाल-भारतबीच कुनै समस्या नभएको बताउँदै नेपालको पूर्वाधार निर्माण र उत्पादनसहित आर्थिक विकासमा भारतले सहयोग बढाउने विश्वास व्यक्त गरे । नेकपाका नेता डा राजन भट्टराईले नेपाल-भारत सम्बन्धलाई नयाँ शिराबाट अघि बढाउनुपर्ने बताउँदै दुई मुलुकबीचको हवाई क्षेत्रको विस्तार र सीमा क्षेत्रमा डुबानको समस्या न्यूनीकरणका लागि भारतसँग सहकार्य भइरहेको उल्लेख गरे । नेपाली काङ्ग्रेसका सहमहामन्त्री डा प्रकाशशरण महतले महात्मा गान्धीको जगमा भारत उन्नतिको शिखरमा रहेको बताए । उनले नेपालमा रेलको विकासका लागि नेपाल आफैं लगानी गर्न असमर्थ रहेकाले भारत र चीन दुवैको अनुदानमा रेल सञ्चालन हुनुपर्ने औंल्याए । डा महतले भारतसँगको सम्बन्धलाई कुनै पनि राजनीतिक दलले सत्तामा रहँदा तथा विपक्षमा रहँदा फरक फरक विचार राखी खेलाँची गर्न नहुनेमा जोड दिए ।

# भारतको स्वतन्त्रता...

स्वतन्त्रता संग्राममा नेपालीहरूले महत्वपूर्ण योगदान गरेको पुष्टि हुन्छ ।

यस्तै भारतीय मित्रहरूको नेपालको लोकतान्त्रिक आन्दोलनमा प्राप्त योगदान महत्वपूर्ण छ । २००७ सालको जनक्रान्तिमा भारतीय समाजवादी दलका तीन सयभन्दा बढी कार्यकर्ताले विभिन्न मोर्चामा लडेका थिए । उनीहरूमध्येका डा. कुदलीप झा सप्तरीको कोशीको कुशहाघाटमा राणाको सैनिकसित मुठभेडमा मारिएका थिए भने सुरसण्डका विन्दाप्रसाद शाही जलेश्वर जेलमा थिए ।

नेपालमा प्रजातन्त्र पुनर्स्थापनाको संघर्ष तथा राजा ज्ञानेन्द्रको तानाशाहीविरूद्धको जनआन्दोलनमा पनि भारतीय नेताहरूको सहयोग बिर्सन सकिँदैन । नेपाल-भारतबीच हजारौं वर्षपूर्व त्रेता युगमा श्रीराम सीताको विवाहदेखिको रक्त सम्बन्धले दुई देशबीचका जनतामा रहेको मैत्री सम्बन्ध कुनै पनि राजनीतिक षड्यन्त्रबाट खण्डित हुन सक्दैन ।

प्याजजस्तो पत्रपत्रमा गाँसिएको छ नेपाल र भारतको सम्बन्ध । भौगोलिक, आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक र सांस्कृतिक पत्रहरू यसका अवयवहरू हुन । जसरी प्याजका पत्रहरू एक अर्कामा खप्टिएका हुन्छन्, त्यसरी नै नेपाल र भारतको समबन्ध पनि खप्टिएको छ, जसलाई छुट्टयाउन वा अलग गर्न गाह्रो छ । प्याजको पत्रपत्रले भरिएको यहि सम्बन्धको अत्यधिक नजिकपनाले कहिलेकहीँ सुविधाको कारण बन्छ भने कहिलेकहीँ समस्याको जरो बन्छ । यो नै नेपाल-भारत समबन्धको विशेष सुन्दरता पनि हो र जटिलता पनि ।

पछिल्ला सात दशकमा नेपालमा कयौं युगान्तकारी परिवर्तन भएका छन, जसमा भारतको परोक्ष वा प्रत्यक्ष संलग्नता रहेको छ । कतिपय अवस्थामा भारतको संलग्नतालाई सकारात्मक रूपमा हेरिएको छ भने कुनै बेला त्यहि संलग्नता 'हस्तक्षेप'को रूपमा परिभाषित हुन्छ ।

नेपालको प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको स्थापना र शान्तिका लागि भारतले गरेको सहयोग नेपालका लागि महत्वपूर्ण छ/ । नेपालमा आजसम्म भएका आन्दोलनहरू अधिकार प्राप्तिका लागि भए/ । अब विकास र समृद्धिको चरण सुरू भएकाले यसमा पनि भारतीय सद्भाव, सहयोग र सहकार्य जरूरी छ ।

तसर्थ नेपाल र भारतबीचको सम्बन्धलाई थप पारस्परिक समझदारी, सम्मानित बनाउन एक अर्काका आकांक्षा र संवेदनशीलता बुझ्नु पर्छ । दुई देशबीच विविध क्षेत्रमा व्यापक सहयोगका साथै खुला सिमानाका कारण जनस्तरको सम्पर्कले आपसी सम्बन्धको गहिराई र गहनतालाई चित्रित गरे झैं अब सरकारी स्तरमा पनि सम्बन्धलाई थप प्रभावकारी बनाउनु पर्ने आवश्यक्ता छ । किनभने यसका लागि दुवै देशबीच सघन संवादमा बढोत्तरी तथा उच्चतम तहमा हुने राजनीतिक परामर्श र सम्पर्कले भरोसा र आत्मविश्वासका निम्ति मार्ग प्रशस्त गर्ने विश्वास गर्न सकिन्छ ।

## जिल्ला समाचार

### चरित्रवान नागरिक तयार हुने : प्रमुख कायस्थ

जनकपुरधाम । प्रदेश नं. २ का प्रमुख रत्नेश्वरलाल कायस्थले समाज सेवा कार्यले समाजमा चरित्रवान नागरिक तयार हुने बताएका छन् । मारवाडी युवा मञ्च जनकपुरधामद्वारा आयोजित कृत्रिम खुटा वितरण तथा सम्मान कार्यक्रमको उद्धघाटन गर्दै प्रदेश प्रमुख कायस्थले सो कुरा बताएका हुन् । उनले मारवाडी समुदायले गर्दै आएको सामाजिक सेवा जस्तो कार्यले चरित्रवान नागरिकहरू तयार हुन प्रेरणा मिल्ने बताएका छन् । फरक क्षमता भएका व्यक्तिहरूलाई मारवाडी मञ्चले कृत्रिम खुटा वितरण गरेकोमा प्रमुख कायस्थले प्रशंसा गर्दै मारवाडी समुदायले गर्दै आइरहेको समाज सेवाबाट अरूमा पनि समाज सेवाको भावना जागृत हुने बताएका छन् । सो कार्यक्रममा २५ जना फरक क्षमता भएका व्यक्तिहरूलाई कृत्रिम खुटा वितरण गरिएको थियो । त्यस्तै, विभिन्न समाजसेवीहरूलाई सम्मान पत्रका साथ सम्मान गरिएको थियो । कार्यक्रममा भुमि सुधार, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह, प्रदेश सांसद राम अशिष यादव, परमेश्वर साह, समाजसेवी पवन सिँहानिया, रामचन्द्र साह, श्रवण कुमार अग्रवाल सहितको उपस्थिति रहेको थियो ।

### संघद्वारा प्रशासनिक प्रमुखलाई स्वागत

कपिलवस्तु । तौलिहवा उद्योग वाणिज्य संघले जिल्लामा हालै मात्र सरूवा भैआएका प्रशासनिक र सुरक्षा निकायका प्रमुखलाई स्वागत कार्यकमको आयोजना गरेको छ । कार्यकममा प्रमुख जिल्ला अधिकारी अर्जुन प्रसाद पोखरेल, प्रहरी उपरीक्षक मनोज कुमार यादव, सशस्त्र प्रहरी २८ नं. गणका सशस्त्र प्रहरी उपरीक्षक दिपक अधिकारी र राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक नन्दकुमार धिताललाई स्वागत गरिएको हो । सो अवसरमा लुम्बिनी विकास कोषका सदस्य राजेश ज्ञवालीले खुल्ला संग्राहलयको रूपमा रहेको बुद्धस्थलको विकासका लागि उद्योगी, व्यवसायी, स्थानीय प्रशासन र नागरिकबीच सहकार्य गरी काम गर्नपर्नेमा जोड दिए । स्थानीय उद्योगीव्यवसायीले मर्यादित रूपमा राज्यका नीतिनियम अवलम्बन गरेर व्यवसाय गर्न सुझाव दिँदै व्यवसायी हितका पक्षमा प्रशासन सधै रहने प्रमुख जिल्ला अधिकारी अर्जुन प्रसाद पोखरेलले बताए ।

### राप्तीपारिका विकट गाउँको पीडा

बाँके । बाँकेको 'कर्णाली' भनेर चिनिने राप्तीपारिको नरैनापुर गाउँपालिका विकास निर्माणमा ज्यादै पछि परेको छ । गाउँपालिकामा विकासको पहुँच नभएकै कारण स्थानीय बासिन्दा नेपालसँग भन्दा भारतीय बजारमै बढी आश्रीत छन् । नरैनापुरका सीमावर्ती गाउँमा रोटीबेटीको सम्बन्ध पनि भारतसँगै जोडिएको छ । त्यसो त उनीहरू रूपैयाँ पनि बढी भारतीय नै प्रयोग गर्छन् । सीमावर्ती गाउँका अधिकांश नागरिकको कारोवार भारतीय बजारमै निर्भर छ । नेपालतिर सडकको राम्रो पहुँच नहुँदा यहाँका नागरिकको सम्बन्ध छिमेकी देशको सीमा बजारतिर नै जोडिएको हो ।

### ५० लाख मूल्यबराबरको जग्गा दान

विराटनगर । विराटनगर महानगरपालिका-१४ बस्ने ७२ वर्षीय जगदीशप्रसाद यादवले वडा स्वास्थ्य चौकी निर्माणका लागि रू ५० लाख मूल्यबराबरको जग्गा महानगरपालिकालाई हस्तान्तरण गरेका छन् । महानगरपालिकामा आयोजित कार्यक्रममा जग्गादाता यादवले विराटनगर-१४ स्थित जतुवामा रहेको दुई कट्ठा १० धुर जग्गा प्रदान गरेका हुन् । महानगरपालिकाका तर्फबाट प्रमुख भीम पराजुली र जग्गादाता यादवले सो स्वास्थ्य चौकी निर्माणसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । महानगरपालिकाले प्रत्येक वडामा एक स्वास्थ्यचौकी निर्माण गर्ने लक्ष्यअनुसार सो जग्गामा आगामी भदौदेखि स्वास्थ्य चौकी निर्माण गरिने महानगरपालिकाका प्रमुख पराजुलीले बताए । भवनका लागि महानगरपालिकाले तत्काल रू ५० लाख बजेट विनियोजन गरेको छ । वडाध्यक्ष बलदेव यादवले जग्गा प्रदान गर्नुहुने यादवलाई धन्यवाद दिँदै महानगरको विकासमा सबैको सहयोग अपरिहार्य रहेको बताए ।

### प्रदेश ७ मा विधेयक पारित

धनगढी । प्रदेश नं ७ प्रदेशसभाको बैठकले मुख्य न्याधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पारित गरेको छ । प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री झपटबहादुर बोहराले उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव बैठकमा प्रस्तुत गरेका थिए । यसअघि उक्त विधेयकमाथि भएको छलफलमा प्रदेशसभा सदस्य भरतबहादुर खड्का र महेशदत्त जोशीले भाग लिएका थिए । विधेयक माथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ आर्थिक मामिला तथा योजना मन्त्री बोहराले दिनुभएपछि बैठकमा निर्णयार्थ पेश गरिएको थियो । मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेशसभाको विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफल भई तयार पारिएको प्रतिवेदन यस अघिका बैठकमा प्रस्तुत गरिएको थियो ।

### "समृद्धिका लागि साझेदारी"

विराटनगर । प्रदेश नं १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्कीले सरकारले समृद्धि र विकासका निम्ति निजी, सार्वजनिक र साझेदारी अवधारणा अवलम्वन गरेर अघि बढिरहेको बताएका छन् । कृष्णप्रसाद सिग्देल स्मृति प्रतिष्ठान विराटनगरद्वारा आज यहाँ आयोजित स्मृतिसभा तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रदेश सरकारले थोरै समयमा जनताको धेरै काम गरेको बताए । उनले यस प्रदेशका १४ वटै जिल्लालाई दृष्टिगत गरी कार्यक्रम एवं योजनाहरू बजेटमा राखेको उल्लेख गर्दै सरकारले १८ वटा कानुन पारित गरेको जानकारी दिए ।

### मन्त्री चौधरीद्वारा निरीक्षण

नेपालगञ्ज । प्रदेश नं ५ का भौतिक पूर्वाधार विकास मन्त्री बैजनाथ चौधरीले बाँकेमा सञ्चालित मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको निरीक्षण गरेका छन् । बाँके जिल्लाको जानकी, डुडुवा र नरैनापुर गाउँपालिकामा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सञ्चालनमा छ । निरीक्षणपछि आयोजित कार्यक्रममा मन्त्री चौधरीले कार्यक्रमको महत्व बुझेर त्यसलाई सफल बनाउन स्थानीय तहका जनप्रतिनिधि जिम्मेवार हुनुपर्ने बताए । उनले गाउँका सबै समस्या एकैपटक समाधान हुँदैनन्, तर बजेटको सही सदुपयोग, जिम्मेवारीबोध र जनताप्रति उत्तरदायी भएमा गाउँको मुहार फेर्न सकिन्छ भने ।

### नेपाल विद्यालय कर्मचारी परिषद् आन्दोलित

कपिलवस्तु । सरकारी र सामुदायिक विद्यालयमा वर्षौंदेखि कार्यरत कर्मचारीहरूको संगठन नेपाल विद्यालय कर्मचारी परिषद्ले आफ्नो हक अधिकार र सुविधाको माग गर्दै आन्दोलनको कार्यक्रम घोषणा गरेको छ । यसैक्रममा उनीहरूले प्रशासन कार्यालय र शिक्षा विकास तथा समन्वय ईकाईमा ध्यानाकर्षणपत्र बुझाएको छ । परिषदका अध्यक्ष खुम बहादुर बिकको अगुवाईमा बुझाईएको ध्यानाकषर्ण पत्रमा विभिन्न नौ बुँदे माग गरिएको छ । निजामति वा शिक्षक सरह तलब भत्ता र पोशाक भत्ता उपलब्ध गराउनुपर्ने, विद्यालयका कार्यालय सहयोगीलाई श्रेणीविहीन, कार्यालय सहायकलाई खरिदार लेखापाललाई सुब्बा सहरको व्यवस्था गर्नुपर्ने माग गरिएको छ । यस्तै संघीय शिक्षा ऐन लागु हुँदा बखतसम्म एक पटकका लागि कार्यरत सबै कर्मचारीलाई स्थायीको प्रकृया पुरा गरी स्थायी गर्नु पर्ने, ६० वर्ष नाघेकालाई अन्य कर्मचारी सहर सुबिधा, २० बर्ष सेवा गरिसकेका कर्मचारीलाई पेन्सन वा उपदान दिनुपर्ने माग गरिएको छन् ।

### सहायक लेखापाल घुससहित पक्राउ

राकेश यादव, रौतहट । जुद्ध माध्यमिक विद्यालय गौरमा कार्यरत रहेको विद्यालयका वर्तमान लेखपाल घुसको रकमसहित पक्राउ परेका छन् । प्राथमिक तहमा कार्यरत शिक्षक प्रमोद ठाकुरलाई बुधबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोली ४५ हजार रूपैयाँ घुस लिँदै गर्दा रंगेहात पक्राउ गरेको हो । विद्यालयको भवन निर्माण गरी रहेको निर्माण कम्पनीको ठेकेदारसँग घुस लिँदै गर्दा आयोगको हेटौडाबाट आएको टोलीले पक्राउ गरेको हो । ठाकुर हालमा सहायक लेखपालको रूपमा काम गर्दै आएका थिए । ठाकुरले निर्माण कम्पनीको ठेकेदार संग पटक पटक घुस माग्दा अखित्यारले निगरानी बढाएको थियो । शिक्षाको क्षेत्रमा कार्य गर्दै गरेको ठाकुरले आफ्नो पदीय दायित्वको गलत प्रयोग गरेको छ । बालबालिकाहरू बसेर अध्ययन गर्ने भवनमा अनियमितता गराउने उद्देश्य राखेको ठाकुरलाई कडा रूपमा क़ानूनी कार्यवाही गरिनु पर्ने स्थानीयहरूले माग गरेका छन् ।

